समृद्ध लोकतन्त्र र

# समृद्ध श्रमजीवी वर्ग

सातौं राष्ट्रिय महाधिवेशन

१४ – १७ चैत २०७४, काठमाडौं

Prosperous working class in consolidated democracy

# 7th National Congress

28 - 31 March 2018

Kathmandu, Nepal

## Thank You
*for your Solidarity*

ऐक्यबद्धताका लागि धन्यवाद






gefont


सातौं


gefont


BUR
UNDI
SRI
LANKA
FRENCH POLYNESIA
CROATIA
USA
NEPAL












**नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)**

## सातौं राष्ट्रिय महाधिवेशन

**(१४-१७ चैत २०७४)**

# उद्घाटन मन्तव्य

प्रमुख अतिथि सम्मानीय प्रधानमन्त्री केपी शर्मा ओली
मन्त्री/ माननीयहरु /पार्टीका नेताहरू
विभिन्न मुलुकबाट आउनु भएका पाहुनाहरू
महासंघका पूर्व अध्यक्ष/नेता तथा सदस्य संघका नेताहरु
जेटियुसीसीका अध्यक्ष, निवर्तमान अध्यक्ष/पूर्व अध्यक्ष-महासचिव तथा क्याविनेटका सदस्यहरु
आमन्त्रित सम्पूर्ण अतिथिहरु
प्रतिनिधि तथा उपस्थित कमरेडहरु
सञ्चारकर्मी मित्रहरु

हामी आज जिफन्टको इतिहासकै महत्वपूर्ण महाधिवेशनमा भाग लिइरहेका छौं । म यस अवसरमा उपस्थित सबैलाई हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु ।

आजभन्दा झण्डै ३ दशकअघि हामीले एउटा सपना देखेका थियौं- यस्तो संस्था बनोस् जसलाई सम्झेर हरेक नेपाली श्रमिकको छाती गर्बले फराकिलो होस्,

यस्तो सोचेका थियौं- 'नमस्ते मालिक' नभनेकै आधारमा कामबाट गलहत्याएका श्रमिकहरु तिनै मालिकहरुसँग कामका संस्था र संरचना, नियम र कानुनहरु कसरी व्यवस्थित गर्ने भन्नेमा सामूहिक छलफल गर्न सक्ने अवस्था बनोस्,

यस्तो सोचेका थियौं- मानिस जन्मदा साथ मेरो पनि देश छ, मेरो राज्यले; मैले नै चुनेको सरकारको माध्यमबाट भावी दिनमा मर्यादित रोजगारीमा बिक्न सक्ने वातावरण बनाइदेओस्,

आफ्नै कमाइबाट सेवा निवृत्त हुँदा आजीवन पेन्सनको व्यवस्था हुने प्रणाली स्थापित होस्,

यस्तो आशा राखेका थियौं- संस्थाहरु त हुन् लोकतन्त्रमा, तर तिनीहरुबीच तोकिएको खेलको नियमको आधारमा स्वस्थ प्रतिस्पर्धा र सहकार्यको वातावरण सिर्जना होस्,

सही अर्थमा, ट्रेड युनियनको लागि "एक वर्ग, एक संगठन- एक देश, एक महासंघ"को अवधारणाले काम गरोस् !

प्रतिनिधि साथीहरु,

के हाम्रा कामहरु त्यसै दिशातिर अघि बढिरहेका छन् त ? हामी यो महाधिवेशनमा निश्चय नै यी प्रश्नहरुका उत्तर खोज्ने छौं ।

आठ बर्षअघि तपाईहरुले चुन्नु भएको यो अध्यक्ष र यही अध्यक्षको नेतृत्वमा बितेको चार बर्षअघि छानिएको अहिलेको नेतृत्वले तपाई/हामीले साझा रुपमा देखेको सपना पूरा गर्ने तिर केही गर्न सक्यो त?

महाधिवेशन उद्घाटनको यो भव्य समारोह सामु म ढुक्कसँग भन्न सक्छु- अप्ठ्यारा र प्रतिकुलता नभएका हैनन्; केही अप्ठ्यारा र केही प्रतिकुलतामा अल्झिंदै, हो हामीले त्यसै दिशातर्फ केही न केही कोशेढुंगा गाडेका छौं ।

छैटौं राष्ट्रिय महाधिवेशनले भनेको थियो- राज्यलाई सोधौं हाम्रो स्थान कहाँ छ?

तपाईहरुकै क्रियाशिलता र हाम्रो राजनीतिमा सुदृढ हुँदै आएको श्रमजीवी वर्गीय पक्षधरताको कारण, झण्डै ३ वर्षअघि हाम्रा आफ्नै प्रतिनिधिद्वारा लेखिएको र ऐतिहासिक संविधानसभाद्वारा जारी गरिएको संविधानले भन्यो- अब यो राज्यको चरित्र समाजवाद उन्मुख हुनेछ ।

हामीले यसलाई विगतमा लिइएको नीतिगत हस्तक्षेपको जितसँग जोड्यौं ।

विगतका ६ वटा महाधिवेशनमा हामीले माग गर्दै आयौँ- सबै श्रमिकलाई न्याय, समान अवसर र समान सम्मान ।

> पहिलो राष्ट्रिय महाधिवेशन, २०४८ साल । हामीले भन्यौंः सामाजिक न्याय र आर्थिक समानता- औद्योगिक विकासको निम्ति श्रमिक एकता ।
>
> दोस्रो राष्ट्रिय महाधिवेशन, २०५२ साल । हामीले थप्यौंः राष्ट्रियता, प्रजातन्त्र, विकास र शान्ति- हाम्रो श्रमनीति, मजदुर हित र औद्योगिक क्रान्ति ।
>
> तेस्रो राष्ट्रिय महाधिवेशन, २०५६ साल । हाम्रो थिम थियो- समृद्ध जीवनका लागि सुदृढ संगठन र एकीकृत ट्रेड युनियन आन्दोलन ।
>
> चौथो राष्ट्रिय महाधिवेशन, २०६० साल । धरापमा परेको लोकतन्त्रलाई मनन गर्दै हामीले भन्यौं- प्रजातन्त्र, शान्ति र अग्रगमनका लागि एकल युनियन ।
>
> पाँचौं राष्ट्रिय महाधिवेशन, २०६५ साल । हामीले भन्यौं- रुपान्तरणका लागि एकता र २०७० सालमा भएको छैटौं राष्ट्रिय महाधिवेशनमा हामीले जोड दियौं- रुपान्तरणः श्रमशक्तिको विकासबाट ।

सारमा हामीले जे भन्यौ; हाम्रो मिसन, हाम्रो भिजन भन्यौं- "श्रमजीवी वर्गको सम्मानित, समृद्ध र सिर्जनशील जीवन !"

यो सातौं राष्ट्रिय महधिवेशनमा हामी भन्दैछौं- सुढृढ लोकतन्त्र र समृद्ध श्रमजीवी वर्ग।

हामीले यसो किन भन्यौं? किन सुदृढ लोकतन्त्र? के हो सुदृढ लोकतन्त्र?

मेरो बुझाईको सुदृढ लोकतन्त्र भनेको यति मजबुत लोकतन्त्र हो, जहाँ- कुनै पनि प्रमुख राजनीतिक खेलाडीले सत्ता प्राप्तिको लागि लोकतान्त्रिक विधि र प्रकृया भन्दा अलग बाटो नअपनाओस् ! लोकतान्त्रिक विधिद्वारा निर्वाचित निर्णकर्ताका विरुद्ध कुनै पनि राजनीतिक संस्था वा समूहलाई भिटो प्रयोग गर्ने हक नरहोस् ।

यस्तो लोकतन्त्र जहाँ क्षणिक सत्ता सुखको लागि खेलको नियम मिच्ने विधि अन्त्य होस् । 'लाइनमा उभिने'हरुमा मेरो पनि पालो पक्कै आउँछ भन्ने हिम्मत बलियो होस् । मूल ढोकाबाट हैन भ्र्यालमा टेकेर वार्दलीमा उक्लिने, वार्दलीबाट बुइगलमा पुगेपछि धुरीमा चढेर डुक्रिनेमाथि राज्य तथा जनताको संगठनले लगाम लगाओस् ।

सम्माननीय प्रधानमन्त्री ज्यू,

हाम्रो मुलुकमा अझै राज्यलाई कर नतिर्ने तर छड्के बाटोबाट अकुत सम्पत्ति आर्जन गरी सम्मानित कहलिनेहरुको बिगबिगी छ । हामी चाहन्छौं- हाम्रो 'सुदृढ लोकतन्त्र' यति सुदृढ होस्, जहाँ यस्ता प्रवृत्तिहरु कानुन बमोजिम हुने दण्ड जरिवानाबाट नउम्किउन् । यस्ता प्रवृत्ति जो एकातिर नजराना टक्र्याउने र अर्कातिर अत्यचार जारी राख्छन् !

हामी चाहन्छौं- 'गरिबलाई थिच्ने धनीलाई पोस्ने' पद्धति समाप्त होस् । 'ग्लोबलाइजेशन'को नाममा हाम्रो अर्थ व्यवस्थामाथि राज गर्दै आएको 'उदार अर्थतन्त्र' नामको बेथिति, जहाँ "सक्नेले सक्दो खाउ, निर्धा/निमुखा जति जतासुकै जाऊ"को मान्यतामाथि अकुंश लागोस् ।

यसै प्रसंगमा म यहाँ २ वर्ष अघिको वार्षिक औसत उपभोगको एउटा तथ्य राख्ने अनुमति चाहन्छुः

हाम्रो समाजमा रहेका घरपरिवारलाई सयकडा १०/१० को घरपरिवार समूहमा बाँड्ने हो भने फेदमा रहने १० प्रतिशतको प्रतिव्यक्ति प्रतिवर्ष उपभोग खर्च नेरु १९ हजार छ । टुप्पोमा रहेको १० प्रतिशतको प्रतिव्यक्ति प्रतिवर्ष उपभोग खर्च भने यसको ११ गुणा भन्दा पनि बढी- २ लाख १५ हजार ५५३ रुपैंया छ । समाज फेर्ने, रुपान्तरण गर्ने भनेको फेदमा रहेको तिनै तन्नमटाट १० प्रतिशतलाई कम्तिमा पनि बीचको '१० प्रतिशत समूह'मा पुर्‍याउनु हैन र? त्यसो भयो भने पनि आधा जनसंख्याको प्रतिव्यक्ति औसत वार्षिक उपभोग खर्च रु ४३ हजार ६८० मात्रै हुन्छ । त्यही तहमा प्रगति भयो भने पनि टुप्पाको

१० प्रतिशतको तुलनामा अझै ५ गुणा कम हो ।

यो महाधिवेशनको थेमको पछिल्लो अंश– 'समृद्ध श्रमजीवी वर्ग' हो ।

अघि मैले राज्यले लगाम लगाओस् भनेको 'आय र उपभोगमा' रहेको यस्तो असन्तुलनमाथिको अंकुश पनि हो । समृद्धिको यात्रामा, श्रमिकले काम गरेनन् भनेर मात्रै टुंगोमा पुग्न सकिन्छ भन्ने मलाई लाग्दैन।

हामी सबैलाई थाहै छ– खोक्रो पेट भएका बाट 'वेद–वाचन' हुँदैन ।

यो हलले मलाई अह्राएको छ– अध्यक्ष कमरेड, हाम्रो सरकारसँग सोधिदिनुस्, के अब हुने ज्याला वृद्धि– यस्तो असन्तुलनमा ब्रेक लगाउने दिशातिर उन्मुख हुन्छ? अन्तर्राष्ट्रिय जगतले भनेझैं, के हाम्रो न्यूनतम ज्यालामा 'प्लस फिफ्टी युस डलर'; अर्थात अहिलेको न्यूनतम ज्यालामा रु ५ हजार थप गर्न सकिन्छ?

मलाई सोध्नु हुन्छ भने– सकिन्छ र गर्नुपर्छ ।

किनकी ज्यालाको विषय 'तिर्ने क्षमता वा भोक'सँग मात्रै सम्बन्धित छैन, यो दृष्टिकोण र सिर्जनासँग पनि जोडिएको छ ।

> काम, आराम र मनोरञ्जन यसै भनिएको हैन ।
>
> योग्यता अनुसारको काम र काम अनुसारको दाम त्यसै भनिएको हैन ।
>
> अधिकारसँगै दायित्व त्यसै जोडिने गरिएको हैन ।

हामी ठान्छौं– यही बाटोबाट दिनहुँ हजार/पन्ध्र सयको संख्यामा खाडीतिर जान अभिसप्त ऊर्जाशील हाम्रा युवाहरुको वहिर्गमनमाथि ब्रेक लगाउन सकिन्छ । यही बाटोबाट ४० लाखको संख्यामा मुलुक बाहिर रहेका हाम्रा युवाहरुलाई स्वदेश फर्किन प्रेरित गर्न सकिन्छ ।

रु ५ हजार थप अर्थात् महिनाको १५ हजार रुपैयाँ न्यूनतम ज्याला केही होइन । तर यसबाट हुने राष्ट्रिय प्रभाव विषद् हुनेछ ।

यही बाटोबाट नै ज्यालाद्वारा नेतृत्व गरिएको आर्थिक वृद्धि हासिल गर्न सकिन्छ । यही बाटोबाट नै दिगो विकास लक्ष्यमा पुग्न सकिन्छ । र, यही बाटोबाट सम्माननीय प्रधानमन्त्रीले देख्नु भएको सपना– 'समृद्ध नेपाल तथा सुखी नेपाली' हासिल गर्न सकिन्छ ।

सम्माननीय प्रधानमन्त्री ज्यू,

यसैसँग जोडेर म एउटा अर्को तथ्य राख्ने अनुमति चाहन्छु– सन् २०१५ को नेपाल सरकार तथा युएनडीपीले नेपाल मानव विकास प्रतिवेदन प्रकाशित गरेको छ । त्यस प्रतिवेदनमा श्रम उत्पादकत्व, व्यक्तिगत योग्यता र घरपरिवारको सम्पन्नता गरी तीनवटा सूचक तोकिएको छ । प्रत्येक सूचकको आधारमा श्रेष्ठताक्रम निर्धारण गरिएको छ ।

काठमाडौँ उपत्यका, पूर्वी र मध्य पहाड, पश्चिम पहाड, मध्यपश्चिम–सुदूरपश्चिम पहाड, पूर्वी र मध्य हिमाल, पश्चिम–मध्यपश्चिम–सुदूरपश्चिम हिमाल, पूर्वी र मध्यतराई, पश्चिम तराई र मध्यपश्चिम–सुदूरपश्चिम तराई गरी आठ भौगोलिक क्षेत्र तोकिएको छ । यी सबै सूचकमा काठमाडौँ उपत्यका श्रेष्ठताक्रममा १ नम्बरमा छ भने पश्चिम– मध्यपश्चिम–सुदूरपश्चिम– हिमाली क्षेत्र श्रेष्ठताक्रममा सबै भन्दा पुच्छारमा छ । सबै सूचकमा, सबै क्षेत्रका श्रमिकहरुको श्रेष्ठताक्रम काठमाडौँ उपत्यकाकै स्तरमा उकाल्ने तात्कालिक लक्ष्य नराख्ने हो भने लक्ष्य प्राप्तिमा शंका गर्ने प्रशस्त स्थान छ ।

हाम्रो संविधानको ३१ धारामा उल्लेख गरिएको मौलिक हक मार्फत जनताको गाँस, बास, शिक्षा, स्वास्थ्य र रोजगारीलाई सुनिश्चित गरेको छ । यसले हामीलाई सन्तोष गर्ने धेरै ठाँउ दिएको छौं ।

म स्मरण गराउन चाहन्छु– हामी आफैंले आज भन्दा १७ वर्ष पहिले सुरु गरेको श्रम बजार सुधारको कार्यक्रमले यो महाधिवेशनसम्म आइपुग्दा पूर्णता पाएको छ । हाम्रो कानुनको आँखामा नेपालमा अब श्रमको अनौपचारिकिण संभव छैन । आइएलओले चर्चा गरे झैं 'फर्मलाइजिङ्ग द इन्फर्मल सेक्टर' को प्रकृयाको रुपमा प्रत्येक श्रमिकले रोजगारीमा प्रवेश गरेसँगै स्थायी श्रमिकले पाए सरहको सुविधा उपभोग गर्न सक्ने प्रबन्ध गरिएको छ ।

प्रतिनिधि साथीहरु,

अर्को बर्ष अन्तर्राष्ट्रिय श्रम संगठनले स्थापनाको १०० बर्ष मनाउँदै छ । अर्को बर्ष हाम्रो महासंघले आफ्नो स्थापनाको ३ दशक पूरा गर्दैछ । आइएलओको 'कामको भविष्य'को प्रतिवेदनमा 'शताब्दी संवाद' बारे चर्चा गरिएको छ ।

'शताब्दी संवाद'का चार क्षेत्र छन्– काम र समाज, सबैको लागि मर्यादित काम, उत्पादन र कामका संगठन, कामको व्यवस्थापन।

यी विषय लागू गर्ने मामिलामा आइएलओका केही जिज्ञासा छन् । हामीले हाम्रो लोकतन्त्र सुदृढ गर्ने मामिला पनि केही जिज्ञासा छन् ।

आइएलओ भन्छ– के करारमा रोजगारी उद्देश्यपूर्तिका लागि उपयुक्त छन्? छैनन् भने नियमनकारी निकायलाई कसरी परिमार्जजन गर्ने?

हाम्रो सन्दर्भमा पनि सबैलाई लागू हुने श्रम कानुनलाई व्यवहारमा कार्यान्वयन गर्न के गर्नु पर्ला?

हामी यतिखेर इतिहासको साह्रै महत्वपूर्ण मोडमा आइपुगेका छौं । म अन्तर्राष्ट्रिय ट्रेड युनियन आन्दोलनका साथीहरुलाई बुझ्ने गरी भन्न चाहन्छु– हाम्रो इतिहासमा कुनै पनि सरकारले यति धेरै जनसमर्थन पाएकै थिएन । धेरै बर्षपछि अहिले जनतामा उच्च विश्वास जागेको छ । वामपक्षीय लोकतान्त्रिक पार्टीहरु बीचको एकता अभूतपूर्व छ ।

यसले निश्चय नै हाम्रो काम–जीवन र श्रमको दुनियाँका संगठनमा प्रभाव पार्ने छ ।

जिफन्टको आगामी महाधिवेशन, आजको जस्तो हुने छैन । म आफैं पनि सायद, अर्को महाधिवेशनमा तपाईहरुका सामु यही भूमिकामा हुने छैन । अध्यक्षको हिसाबले तसर्थ, मेरा लागि यो अन्तिम महाधिवेशन हो । म पछिको सक्षम पुस्ताले जिफन्ट– स्पिरिटलाई थप मजबुतीका साथ निरन्तरता दिनेछ । त्यसैले मैले अपेक्षा गरेको छु, म पछिको जिफन्ट अझै शक्तिशाली हुनेछ– आकारमा, प्रभावमा र क्षमतामा !

हामीलाई साथ दिने र हामीप्रति ऐक्यवद्धता प्रकट गर्नुहुने सम्पूर्ण संस्थाहरु र साथीहरुप्रति म आभारी छु ।

लोकतन्त्रको लागि हुँदै आएको हाम्रो संघर्ष अब टुङ्गिएको छ । अबको हाम्रो सङ्घर्ष भनेको लोकतन्त्रमा हुने सङ्घर्ष हो । हामीले अब तय गर्नुछ– लोकतन्त्रमा गरिने सङ्घर्ष कस्तो हुन्छ? श्रमजीवी वर्गको समृद्धिका लागि परिवर्तित अवस्था कसरी काम गर्नुपर्छ?

फेरि एकपटक प्रमुख अतिथि तथा सम्पूर्ण उपस्थित महानुभावहरुमा आभार व्यक्त गर्दै स्वागत अभिवादन गर्दछु ।

धन्यवाद !

General Federation of Nepalese Trade Unions (GEFONT)

7th National Congress

28-31 March 2018

# Inaugural Keynote Speech

Chief Guest Rt. Honorable Prime Minister KP Sharma Oli
Ministers/ Members of Parliament
Leaders of different political parties
Guests from different countries
Former President/Leaders of GEFONT/Leaders of Member Trade Unions of GEFONT
President and leaders of JTUCC,
Invited Guests, Representatives and Comrades
Media Personalities

Today, we are participating in a very important National Congress of GEFONT in its history. I would like to welcome you all and extend by greetings on this occasion.

We had a dream about three decades ago – and the dream was about establishing a glorious organization to which each worker could lend their faith and feel proud of when they reminisce the organization.

We had thought of an organization that could protect the workers who would be fired from their job, for, they say no to recline before every urge of their 'Boss',… the oganisation that could create environment for the workers so that they feel empowered to talk to their 'Boss' firm and united, engage in collective bargaining and win debates and discussions on how to ensure environment for workers at workplace, make structures that are workers friendly, and policies and laws, and manage them efficiently.

We had thought of an organization that could inculcate confidence in every worker that they also belong to a country … the country that has a government elected through people's franchise and could provide dignified job for workers, and pension for them when they get retirement.

We had thought that there should be people's organizations… the organizations they would compete for agreed rules of operations and function in such conducive environment where they would have healthy competition among them and cooperate to each other for the dignified life of workers.

In real sense, we had a wish that there would be "one class, one organization – one country and one confederation" of workers and they all would work for the better life of working class.

Comrades,

Do we think we have our wish fulfilled? Are our activities moving towards this direction? We have to find answers to this questions in this Congress.

Do you think that the President you voted for eight years back and the current leadership you chose four years ago under the leadership of the President has done something good to realise our dream? Now is the time reflect on.

As I stand before you in this grandeur I can confidently say, yes … we have been able to lay a foundation stone to move to the direction we have dreamed of. The road to this direction was not easy and smooth, but we made it together tearing apart the challenges on our way. Together we have caressed the height we are now.

We walked step by step and we walk as per the demand of the day!

During the Sixth National Congress, we had asked a question with the state - 'Where is our space?' We continued demanding 'our space' through different forums and with loud voice.

It is because of our activism and consolidation of politics in favour of working class, we have been able to write a new constitution through our representatives. And, the Constitution has embraced the socialism oriented characteristic of the State.

We claim, it's our win! And we have celebrated this achievement as the victory of our struggle over the years.

'Equal justice, dignity and opportunity for all workers' was the key demand we raised through our past Six National Congresses.

> The First National Congress in 1992 raised the issue of 'Social justice and economic parity; Unity of works for industrial prosperity.'
>
> The Second National Congress held in 1996 made its theme - 'Nationalism, development, peace and democracy; Industrial revolution and workers benefit our labour policy.'
>
> Theme of the Third National Congress in 2000 was – 'Unified trade unionism for prosperous life.'
>
> By the time we reached the Fourth National Congress, we witnessed many ups and downs of democracy in Nepal. By realizing that the democracy may fall in crisis if we do not take concrete steps to defend it, we made 'One union for democracy, peace and progress' the theme of our Fourth National Congress held in 2004.
>
> 'Unity for transformation' was the theme of Fifth National Congress in 2009 while the Sixth National Congress in 2013 was held under the banner of 'Transformation: By building workers power!'

In essence, wherever we stood, we reared firm! Whatever we said we spoke loud and clear! And, all our stand and voice was for our mission and vision, and that is – 'Dignified, prosperous and craetive life of working class!'

In this Seventh National Congress we are speaking aloud for 'Prosperous working class in consolidated democracy!'

Why are we saying so? What are we saying when we say 'consolidated democracy'? And, what do we mean by it?

To my understanding, consolidated democracy is such democracy in which none of the major political actors consider any alternative to democratic processes to gain power, and no political institution or group has a claim to veto the actions of democratically elected decision makers.

Such democracy where all actors follow the rules of the game and do not violate it for momentary power gain. Such democracy where even those who stand in line can feel that their turn will come, and those who attempt to disrupt the agreed rules of the game will be brought to book by the State and Peoples' organization.

Rt. Hon'ble Prime Minister

The reality of the day is that those who live under the heap of wealth but do not pay tax as per law of land are enjoying scot-free life. We want our 'consolidated democracy' be so strong that it can bring them to book and punish them as per the law of the land. Our democracy must end the culture of impunity and do not provide safe heaven to those who involve in corruption and oppression.

We want to see the end of such practice that suppresses the poor and feeds the rich. We are desperate to see the end of lawlessness where those in power bargain but the powerless beg! We want our 'consolidated democracy' put a hook on 'neo liberal economic system' that is widening gap between 'haves' and 'have-nots' and has been boon for the rich and powerful but curse for the poor and powerless.

In this context, I would like to present a fact on the annual per capita consumption expenditure from two years back.

While dividing the households of Nepal by decile, bottom 10% has NRs 19 thousands annual per-capita consumption expenditure. The highest 10% has 11$^{th}$ times more, that is NRs 215,553, than the bottom 10%. Changing existing social structure through transformation means bringing the three decile population from bottom to the middle level. By doing this, half of the population's per-capita consumption expenditure becomes NRs 43,680. Even this progress will help to increase the income of lowest group to a level around 5 times less compare to the top 10% household.

I proposed earlier why State needs to regulate it. This means the regulation of the imbalance of 'income and consumption'. In the journey of prosperity, targeting only workers' performance is not enough. We all know 'empty stomach cannot recite mantras.'

As I am sanding before you, the Hall has asked me, "Comrade, please ask our government, is the issue of wage increment possible to break this imbalanced situation?' As suggested by the international trade union community, can the government increase our wages by NRs 5,000 that is, 50 plus US dollars'?

I would respond, this is possible and should be done because the issue of wage is not only related with the 'capacity to pay and address the hunger', this is also connected with the attitude and creativity.

The cliché, 'work and rest' has a deep meaning. 'To each, according to ability' has a great meaning. When we talk about rights, the issue of responsibility cannot be ignored.

We believe that we can put a brake on the flow of over thousand youths to Gulf States every day. We can encourage our over four million youths to return home from abroad. All we need for this is environment where the qualified youths do not go jobless. NRs 15,000 minimum wage per month is not a big burden. But the positive impact we can generate out of it for the nation will be huge. It is through this way we can achieve wage-led growth. This is the way by which we can reach the sustainable development goals, and realise our dream of 'Prosperous Nepal, Happy Nepali'.

Rt. Hon'ble Prime Minister

I would like to put a fact before us all. Nepal Human Development Report 2015 has set three wellbeing indicators

that cut across labour productivity, personal qualification and household happiness, and identified eight different geographical zones for comparative analysis. Among all the geographical zones, Kathmandu valley remains at the top of all indicators where Western-Midwestern-Far-western and hilly region remains at the bottom. If we do not aim to bring the standard of working class of all zones to the level of Kathmandu Valley, we cannot realise the sustainable development goal.

The Constitution of Nepal, has guaranteed food, housing, education, health and employment as fundamental rights of all Nepali citizens. It is mentioned at 31 Articles of the statute. It has provided us with room to be hopeful.

I would like to remind that the labour market reform programme we started 17 years back have come to a logical conclusion now. Formalising the Informal sectors now is not possible in Nepal as per the law of the land. We have annulled such provision. We instead have put a system in place that every worker irrespective of terms and condition can enjoy the facility equal to a regular worker from the day on employment.

Comrades,

We are celebrating the centenary year of ILO next year. The same year GEFONT is marking 30th year of its establishment. ILO has highlighted the 'centenary conversations' in its commission report 'The future of Work'. 'Work and Society, Decent Jobs for All, The Organization of Work and Production, The Governance of Work are four sectors identified for the 'conversations'. ILO has certain concerns in regard to these sectors to bring them to implement. We do also have certain concerns regarding the consolidation of our democracy.

ILO says - does the contract of employement remain fit for purpose and, if not, how should regulatory model be modified?

What should we do to implement labour legislation equal for all?

How can progress be made toward normative consistency across regimes of governance: international, regional and national, and private and public sectors?

How can private and public governance best be combined so as to reinforce each other?

What new institution\s and modes of governannce might be needed?

Given the fundamental role of employer and worker organisatons in the governance of work, for democracy and in the persuit of social justice: what will be the forms of employer and worker organsation of collective solidarity that will insist on accountable governance of work?

We have reached to a juncture of history now. Our government has owned such an impressive popular support which was never before in history. People have high expectation and positive hope for change now. Unity among left democratic parties is remarkable. It will definately effect our work - life and organisation of world of work.

The next National Congress of GEFONT may not be like this as we are having now. There will be a merger of major trade union centres in JTUCCC family. GEFONT will be one of them! I may not be in the same role as I am today in next Congress. This is my last Congress to attend in the capacity of GEFONT President. The generation coming to lead the Federation will continue the legacy and spirit of GEFONT with additional strength and vigor. So I am hopeful that GEFONT will be more powerful in terms of size, capacity and impact even after my leadership.

The struggle for democracy is over now. We are heading towards launching a new struggle within the democracy-- We have to find a path to accomplish the new struggle for the betterment of our working class!

Once against, I would like to extend my gratitude to the Chief Guest and guests, and thank you all who remain on our side and extended solidarity in our struggle.

Thank you!

# सहभागिता / Participation

हामीहरू जो सहभागी भयौं / We who participated



**प्रमुख अतिथि :**
**सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली**
Chief Guest: Rt Honourable Prime Minister KP Sharma Oli



**विशिष्ट अतिथि :**
**माननीय प्रदिप ज्ञवाली – परराष्ट्र मन्त्री**
Special Guest: Honourable Pradip Gyawali - Minister for Foreign Affairs



विशिष्ट अतिथि : माननीय गोकर्ण विष्ट – श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री
Special Guest: Honourable Minister - Labour, Employment and Social Security



**विशिष्ट अतिथि : श्री शरन बरो – महासचिव, आइटियुसी**
Special Guest: Sharan Burrow - General Secretary, ITUC



**विशिष्ट अतिथि : श्री लुक कोर्टेबिक, अध्यक्ष–आइएलओ जिबी**
Special Guest: Mr. Luc Cortebeeck, Chairperson of the ILO GB



**विशिष्ट अतिथि : श्री केटलिन पास्चर – अध्यक्ष, वर्कर्स ग्रुप, आइएलओ**
Special Guest: Ms. Catelene Passchier - President, Workers Group, ILO



**विशिष्ट अतिथि : क. विश्वनाथ प्याकुरेल, अध्यक्ष – जेटियुसीसी**
Special Guest: Com. Bishwanath Pyakurel, President - JTUCC



**सभाको अध्यक्षता : क. विष्णु रिमाल, अध्यक्ष – जिफन्ट**
Chairperson : Com. Bishnu Rimal, President – GEFONT



कार्यक्रम संचालन : क. विष्णु लम्साल, महासचिव-जिफन्ट
Master of Ceremony : Com. Bishnu Lamsal, GS – GEFONT



श्री एसडी लुग्ट पासचर, एफएनभि
Mr. S. D. Lugt. Passchier, FNV




श्री विल्मा रुस, पोलिसी एड्भाइजर एशिया, एफएनभि
Ms. Wilma Roos, Policy Adviser Asia, FNV



श्री लियोना माककान, प्रोजेक्ट अफिसर, एफएनभि
Ms. Leona McCann, Project Officer, FNV



श्री प्रभु राजेन्द्रन, एफएनभि
Mr. Prabhu Rajendran, FNV



श्री रिचार्ज हवार्ड, आइएलओ कन्ट्री डाइरेक्टर नेपाल
Mr. Richard Howard, ILO Country Director Nepal




श्री मोहम्मद अल होदाइना, अध्यक्ष, केटियुएफ कुवेत
Mr. Mohammad Al Hodhainah; President, KTUF Kuwait



श्री मोहम्मद अल रसिदी, महासचिव, केटियुएफ कुवेत
Mr. Mohammad Al Rashidi, Secretary General, KTUF Kuwait



श्री पर क्रिस्टेन्सन, अध्यक्ष, थ्री एफ डेनमार्क
Mr. Per Christensen- President, 3F Denmark



श्री जेस्पर नेल्सन, विभागीय प्रमुख, थ्री एफ डेनमार्क
Mr. Jesper Nielsen, Head of Department, 3F Denmark



श्री प्याट्रिक भ्यान्डेनबर्ग, अध्यक्ष, एसिभि बिइ बेल्जियम
Mr. Patrick Vandenberghe, President, ACV BE Belgium



श्री पियरे क्युपेन्स, महासचिव, एसिभि बिइ बेल्जियम
Mr. Pierre Cuppens, GS, ACV BE Belgium



श्री टोम डिल्यु, अन्तर्राष्ट्रिय सचिव, एसिभि बिइ बेल्जियम
Mr. Tom Deleu, International Secretary, ACV BE Belgium



श्री जे सोलोमन, महासचिव, एमटियुसी मलेसिया
Mr. J Solomon, Secretary General, MTUC Malaysia



श्री लि सियाओबो, अन्तर्राष्ट्रिय विभाग उपनिर्देशक, एसिएफटियु चाइना
Mr. Li Xiaobo, Dy Director of Int'l Department, ACFTU China



श्री ताङ्होङ्ग, अन्तर्राष्ट्रिय विभाग एपि प्रमुख, एसिएफटियु चाइना
Mr. Tang Hong, Chief of AP Division of Int'l Department, ACFTU China



श्री झउ युजुन, अन्तर्राष्ट्रिय विभाग एपि विभाग, एसिएफटियु चाइना
Mr. Zhou Yujun, Staff of AP Division of Int'l Department, ACFTU China



श्री रोबर्ट जोन रिड, अध्यक्ष, फर्स्ट युनियन, न्यूजिल्याण्ड
Mr. Robert John Reid, President, FIRST Union, New Zealand



श्री एपोलिनार टोलेन्टिनो, क्षेत्रीय प्रतिनिधि, बिडब्लुआइ एपि
Mr. Apolinar Tolentino, Regional Representative, BWI AP



श्री मासामिची वान्तानेब, उप-महासचिव, जेनरोरेन जापान
Ms. Masamichi WATANABE, Deputy Secretary General, Japan Zenroren



श्री इत्सुको नागासाका, अन्तर्राष्ट्रिय मामिला प्रमुख, जेनरोरेन जापान
Ms. Itsuko Nagasaka Chief, International Affair, Japan Zenroren



श्री माइकल ओगरर, अन्तर्राष्ट्रिय विभाग सदस्य, ओजिबी अष्ट्रिया
Mr. Michael Wögerer, Member of International Dept of OGB, Austria



श्री सिल्भाइन गोल्डस्टेल, पोलिसी एडभाइजर एशिया, सिजिटी फ्रान्स
Mr. Sylvain Goldstel, Policy Adviser Asia, CGT France



श्री सोल्भास पियरे, व्यवस्थापन सदस्य, सिजिटी फ्रान्स
Mr. SOLVAS Pierre, Member of Management, CGT France



श्री टोङ्गे याङयोङ, उपाध्यक्ष, एलएफटियु लाओस
Mr. Tongye YANGYONG, Vice President, LFTU- LAOS



श्री इन्पेङ मेइ, विदेश विभाग महानिर्देशक, एलएफटियु लाओस
Mr. Inpeng MEI, Director General of Int'l Dept, LFTU- LAOS



श्री ग्युयेन टुआन आन, विदेश विभाग उपनिर्देशिक, भिजिसिएल भियतनाम
Mr Nguyen Tuan Anh, Dy Director of the Int'l Dept., VGCL- Vietnam



श्री जुमा अलबिनखलिल, सहायक सचिव, जिएफबिटियु बहराइन
Mr. Juma Albinkhalil, Assistance Secretary, GFBTU Bahrain



श्री पिटर जोस्ट्रानो, एसपीयु-स्वीडेन
Mr. Peter sjostrand VP, Swedish Painter Union




श्री एर्डोगान सरडेन्गोटी, उप-महासचिव, टर्की हाकिस
Mr. Erdogan Serdengecti, Under SG, Turkey HAK IS Confederation



श्री मरिना मर्से, पोलिसी एडभाइजर, सिजिटी बिल्डिङ्ग कन्स्ट्रक्सन
Ms. Marina Mesure, Policy Advisor- International and Europe, CGT Building Construction



श्री सुजाता मोदी, राष्ट्रिय सचिव, एनटियुआइ इण्डिया
Ms. Sujata Modi , National Secretary, NTUI India



श्री ब्रुनो डेसीकेलिएर, एशिया कोअर्डिनेटर, डब्लुएसएम
Bruno Deceukelier, Asia Coordinator, WSM Belgium



श्री एनेटे स्लिट, एफइएस नेपाल कन्ट्री डाइरेक्टर
Annette Schlicht, FES Nepal Country Director




श्री बुद्धि आचार्य, एलओ/एफटिएफ प्रतिनिधि
Mr. Buddhi Acharya, Represent the LO/FTF Council



श्री मनोञ्जन पेगु, दक्षिण एशिया संयोजक, सास्क फिनल्याण्ड
Mr. Manoranjan Pegu, Regional Coordinator for South Asia. SASK Finland



श्री शरण केसी, क्षेत्रीय व्यवस्थापक, एसिटियु एफेडा अष्ट्रेलिया
Mr. Sharan KC, Regional Manager, ACTU APHEDA Australia


श्री क्रिस्मा शर्मा, अमेरिकन सोलिडारिटी सेन्टर
Ms. Krishma Sharma, American Solidarity center USA


श्री राजेन्द्र आचार्य, सहायक क्षेत्रीय सचिव, युनी एपी
Mr. Rajendra Acharya, Asst Regional Secretary, UNI AP


श्री मुस्ताक अलि, सूचना सचिव, एनटियुएफ पाकिस्तान
Mr. Mushtaq Ali, Information Secretary, NTUF Pakistan


श्री एलोन्जो ग्लेन सुसन, अमेरिकन सोलिडारिटी सेन्टर, अमेरिका
Mr. Alonzo Glenn Suson, American Solidarity center USA



श्री लक्ष्मण बस्नेत, महासचिव, सार्टुक
Mr. Laxman Basnet, Secretary General, SARTUC


श्री टिम रायन, अमेरिकन सोलिडारिटी सेन्टर, अमेरिका
Mr. Tim Ryan, American Solidarity center USA


श्री मे ओङ्ग, कार्यकारि निर्देशक, एएमआरसी
Ms. May Wong, Executive Director, AMRC HongKong


श्री योशीदा सोया, आइटियुसी एपी महासचिव
Yoshida Shoya, ITUC AP Secretary General


श्री फैसल इधि, इधि फाउण्डेसन प्रमुख, पाकिस्तान
Mr. Faisal Edhi, Head of Edhi Foundation, Pakistan


श्री नासिर अजिज, उप-महासचिव, एनटियुएफ पाकिस्तान
Mr. Nasir Aziz, Dy General Secretary, NTUF Pakistan

# प्रतिनिधिहरू / Participants

## औद्योगिक यूनियन परिषद - Industrial Union Council

### समग्र उद्योग ट्रेड यूनियन (ह्वीन) - Whole Industry Nepal (WHIN)

| | | | |
|---|---|---|---|
| क. मनोज कुमार मगर | क. सत्य नारायण शाह | क. विजया खड्का | क. अर्जुन भट्ट |
| क. राजकुमार महतो | क. चुडामणी देवकोटा | क. राम थापा | क. सरस्वती ढकाल (अर्याल) |
| क. सरिता देवी राजबंशी | क. गिता भण्डारी | क. राजन भण्डारी | क. पुष्पा पौडेल |
| क. आनन्द थामी | क. जगरनाथ चौधरी | क. सिता लामिछाने | क. राम वेलास अहिर |
| क. मुक्ति प्रसाद चौधरी | क कृष्ण बहादुर के.सी | क. हरि बहादुर क्षेत्री | क. धन प्रसाद तिवारी |
| क. लाल प्रसाद खनाल | क. दीपक आचार्य | क. विनोद कु. लामिछाने | |
| क. सुभद्रा बुढाथोकी | क. अर्जुन कु. चौलागाई | क. टिकाराम पौडेल | |
| क. मनोज कुमार चौधरी | क. अरुणा खनाल | क. नवराज थापा मगर | |

### जुट, गार्मेन्ट, कार्पेट, टेक्सटायल मजदुर यूनियन (जुगकाटेमयू)

Jute, Garment, Carpet, Textile Workers Union (JTG-CWUN)

| | | | |
|---|---|---|---|
| क. अर्जुन प्र. अधिकारी | क. युवराज जिरेल | क. शान्ता घिमिरे | क. हरिभक्त अर्याल |
| क. फुलमाया लामा | क. धनपती धमला | क. सुनिता कुमारी श्रेष्ठ | |
| क. निलम ढुङ्गेल | क. सोमनाथ आचार्य | क. प्रेम कुमार सिंह | |
| क. धर्मानन्द संजेल | क. ओम प्रकाश महतो | क. छोटेलाल प्र. यादव | |

## यातायात सम्बद्ध यूनियन परिषद - Transportation Union Council

### नेपाल यातायात स्वतन्त्र मजदुर संगठन (नेयास्वमसं)

Independent Transport Workers' Association of Nepal (ITWAN)

| | | | |
|---|---|---|---|
| क. देवी भट्टराई | क. सुरेन्द्रकुमार साह | क. अजय श्रेष्ठ | क. नारायणप्रसाद भट्टराई |
| क. हस्तराज राई | क. हरीप्रसाद प्रसाई | क. केशव ब. थापा (निरु) | क. ठाकुर प्रसाद गैरे |
| क. धिरेन्द्र थिङ | क. मोहन बहादुर कार्की | क. भरतबहादुर थापा क्षेत्री | क. जुद्धबहादुर के.सी |
| क. बिमला विश्वकर्मा | क. भीमज्वाला राई | क. मंगलकुमार ब्लोन | क. कृष्ण प्रसाद कँडेल |
| क. सन्तोष कु. वान्तवा (राई) | क. ठाकुरकुमार श्रेष्ठ | क. मणी प्रसाद पाठक | क. धुना गिरी |
| क. दुर्गाबहादुर खड्का (मदन) | क. बिष्णु लामा | क. ईश्वरप्रसाद आचार्य | क. प्रकास बस्याल |
| क. राजिव घिमिरे | क. रवि के.सी | क. कर्णसिंह गुरुङ्ग | क. पर्शुराम चौधरी |
| क. शमशेर बर्देवा | क. मुना श्रेष्ठ | क. विष्णुबहादुर पराजुली | क. होमबहादुर क्षेत्री |
| क. सिंह तितुङ | क. शंकर थापा | क. शर्मिला देवकोटा | क. शिवराज पन्थी |
| क. काजी राई | क. दुर्गाबहादुर श्रेष्ठ | क. विष्णुबहादुर खत्री | क. खगेन्द्रबहादुर वली |
| क. सन्तोष खड्का | क. दिपक रुचाल | क. नन्दलाल अधिकारी | क. जितबहादुर मल्ल |
| क. भीम अधिकारी | क. भक्तबहादुर गुरुङ्ग | क. तिलबहादुर वि.क. | क. धनबहादुर खडायत |
| क. बिदुरसिंह तामाङ | क. नवराज घिमिरे | क. नारायण प्र. रिमाल | |
| क. गुरुराज ढकाल | क. शरण ब. तामाङ | क. ध्यानबहादुर राई | |

### नेपाल अटो–मेकानिक्स ट्रेड यूनियन (नेअट्रेयू)

Nepal Auto-Mechanics Trade Union (NATU)

| | | | |
|---|---|---|---|
| क. तुलसी ढकाल | क. कमला देवी तामाङ | क. राकेश गुरुङ्ग | क. चन्द्र प्रकाश गैरे |
| क. रङ्गलाल गिरी | क. प्रदिप घिमिरे (देवी) | क. समिम अहमद | |
| क. निर्मला परियार | क. माधव प्रसाद पाण्डे | क. रत्नलाल न्यौपाने | |
| क. राम सहाय महतो | क. जिवन अधिकारी | क. कर्ण बहादुर नेगी | |

### सिटी रिक्सा मजदुर यूनियन

City Rikshaw Workers Union (CRWU)

क. रमेश कु. कार्की — क. सुधिर थापा

## पर्यटन क्षेत्र यूनियन परिषद - Tourism Sector Union Council

### नेपाल स्वतन्त्र होटल, क्यासिनो तथा रेष्टुरेण्ट मजदुर यूनियन - Nepal Independent Hotel, Casino & Restaurant Workers' Union (NIHWU)

| | | | | |
|---|---|---|---|---|
| क. सुय बहादुर कुँवर | क. कुण्डल बहादुर खड्का | क. मनमोहन गायक | क. तीर्थ सुवेदी | क. ललिता के.सी. |
| क. बंशी भट्टराई | क. बेग बहादुर पाण्डे | क. रन्जु थापा | क. कमल प्रसाद घिमिरे | क. केशवराज सापकोटा |
| क. टिक कुमारी थापा | क. लक्ष्मण तिवारी | क. सिर्जना उप्रेती (भट्टराई) | क. सागरमणी थापा | क. दान बहादुर धिमाल |

### नेपाल ट्रेकिङ, ट्राभल्स, ऱ्याफ्टीङ्ग, एयरलायन्स मजदुर यूनियन (यूनिट्राभ) - Nepal Trekking, Traverls, Rafting, Airlines Workers' Union (UNITRAV)

| | | | | |
|---|---|---|---|---|
| क. सुमन प्रसाद पराजुली | क. अम्बर बहादुर तामाङ | क. फु डोमा शेर्पा | क. जगत बहादुर अधिकारी | क. लाली कुमारी मल्ल |
| क. टिकादेवी गर्बुजा पुन | क. राम बहादुर श्रेष्ठ | क. सुदर्शन वर्तौला | क. तुलसी प्रसाद सुवेदी | |

## कृषि तथा बगान क्षेत्र यूनियन परिषद - Agro and Tea Plantation Sector Union Council

### कृषि मजदुर संघ, नेपाल (कृमसंघ-नेपाल) - Federation of Agricultural Workers, Nepal (FAWN)

| | | | |
|---|---|---|---|
| क. पूर्णचन्द्र उपाध्याय | क. नेत्र दाहाल | क. डम्मरा कुमारी दियाकोटी | क. दुर्गा देवी हमाल |
| क. भैरव प्रसाद पाठक | क. शंकर प्रसाद न्यौपाने | क. जिरा राई | क. कल्पना कुमारी कोइराला |
| क. चम्फा श्रेष्ठ | क. भोजराज चौधरी थारु | क. दिपक थापा | क. भक्त बहादुर वि.क. |

## शिक्षा, संचार तथा सेवा क्षेत्र यूनियन परिषद - Education, Communication & Service Sector Union Council

### आईसिटी, मिडिया तथा प्रेस प्रोफेसनल्स यूनियन, नेपाल (इम्प्रेशन-नेपाल) - ICT, Media & Press Professionals Union of Nepal (IMPRESSION-Nepal)

| | | | |
|---|---|---|---|
| क. महेन्द्रलाल श्रेष्ठ | क. ओम बहादुर खड्का | क. विष्णु बहादुर कुँवर | क. किरण गौतम |
| क. बाल गोपाल थापा | क. सुरज अधिकारी | क. रमा सुवेदी | क. किरण माली |

### निजी तथा आवासीय विद्यालय शिक्षक-कर्मचारी यूनियन, नेपाल (प्याब्स्यू) - Private & Boarding School Employees' Union, Nepal (PABSEU)

| | | | |
|---|---|---|---|
| क. जगदिशमूर्ति कोइराला | क. लक्ष्मी न्यौपाने | क. शिवलाल उपाध्याय | क. कमल गौतम |
| क. माधब पौड्याल | क. देवराज कार्की | क. चन्द्रकान्त न्यौपाने | |

### वित्तीय तथा सहकारी क्षेत्र कर्मचारी यूनियन - Financial and Cooperative Sector Employee Union (FACT)

| | | | |
|---|---|---|---|
| क. नारायण प्र. अधिकारी | क. सुरेश मल्ल | क. चन्द्रकला ढकाल | क. भुपराज भट्टराई |
| क. भैरव कुमार श्रेष्ठ | क. उमाकान्त पौडेल | क. दिब्यराज सापकोटा | क. केशवराज उपाध्याय |
| क. बिमल दाहाल | क. मन्दिरा भट्टराई | क. जमुना कुमारी गिरी | |

## गैरकृषि अनौपचारिक क्षेत्र यूनियन परिषद - Non-Agriculture Informal Sector Union Council

### नेपाल बिजुली, पेन्टर, प्लम्बर तथा निर्माण मजदुर यूनियन (क्युपेक-नेपाल)
Central Union for Painters, Plumbers, Electro and Construction Workers, Nepal (CUPPEC-Nepal)

| | | | | |
|---|---|---|---|---|
| क. मनोहरि शिवाकोटी | क. मुक्तिनाथ गिरी | क. नुगामती नेम्वाङ्ग | क. जित बहादुर लुङ्गेली | क. पार्वती तामाफ |
| क. नरनाथ लुईटेल | क. योगेन्द्र शर्मा सुतिहार | क. कमल काफ्ले | क. सावित्री रोक्का (सार्की) | क. बलादेवी बरुवाल राई |
| क. शान्ता बस्नेत | क. सोम बहादुर आले | क. श्याम नारायण चौधरी | क. भुपजित राई | क. चक्र ब. (निरज) श्रेष्ठ |
| क. राम प्रसाद पाण्डे | क. विक्रम स्याङ्तान | क. सान्तीदेवी लेखि | क. पातली माया रुम्बा | क. तारा कुमारी महतो |
| क. गोपाल कार्की | क. कृतिनिधि विष्ट | क. रामदेव साह रौनियार | क. प्रताप राई | क. प्रमिला डाँगी |
| क. अम्बिर कु. लिङ्देन | क. धुर्पादिवि राई | क. प्रदिप कु. सिवाकोटी | क. रेख्वा भुजेल | क. सत्य नारायण थारु |
| क. स्मृति तामाङ लामा | क. टिकाराम श्रेष्ठ | क. परमिला देवी | क. दान बहादुर बिमली | क. भिम प्रसाद न्यौपाने |
| क. राजेन्द्र विष्ट | क. गोकुल ब. भण्डारी | क. शिव कुमार चौधरी | क. कुमार प्रसाद दाहाल | क. मनिराम ढुङ्गाना |
| क. दिवाकर पोखरेल | क. कमल बहादुर थामी | क. धनेश्वर प्र. कुशवाहा | क. पदम कुमारी सुनुवार | क. अप्सरा देवी चौधरी |
| क. यमकली तङ्नामी | क. देव कुमार राई | क. नोरमणी पोखरेल | क. पुन्य प्रसाद उप्रेती | |

### नेपाल स्वरोजगार व्यापार श्रमिक संघ (नेस्वश्रसंघ) - Nepal Street Vendors' Union (NEST)

| | | | |
|---|---|---|---|
| क. चेत ब. सापकोटा (कुमार) | क. माया गुरुङ्ग | क. कमला आचार्य | क. टेक ब. सिंजाली |
| क. जनार्दन पराजुली | क. कमला दाहाल | क. ईन्द्र बहादुर बस्नेत | क. खड्क ब. रोक्का मगर |
| क. राज कुमार श्रेष्ठ | क. नारायण प्र. न्यौपाने | क. देव कुमारी चन्द | |

### नेपाल सुरक्षा श्रमिक ट्रेड यूनियन - Nepal Security Service Trade Union (NSSTU)

| | | | |
|---|---|---|---|
| क. गणेश श्रेष्ठ | क. प्रकाश बहादुर चन्द | क. सुर्यप्रसाद गौतम | क. रामकुमारी गुरुङ्ग |
| क. राजमणी भण्डारी | क. कुमारी घिमिरे (लुईटेल) | क. विष्णु कुमार के.सी. | |

## शहरी अनौपचारिक क्षेत्र यूनियन परिषद - Urban Information Sector Union Council

### नेपाल सफाई कर्मचारी यूनियन - Nepal Garbage Cleaners Employee Union

| | | |
|---|---|---|
| क. मचाबाबु मालाकार | क. शान्ता भट्टराई | क. ईश्वर दवाडी |
| क. यमकला मग्राती | क. शारदा पोडे | क. यशोदा नेपाल |

### नेपाल गृह श्रमिक ट्रेड यूनियन - Nepal Hmebase Workers' Union (NEHWU)

| | | | |
|---|---|---|---|
| क. चन्द्र सागर लामा | क. दिलमाया श्रेष्ठ | क. मनकुमारी राई | क. होम कुमारी विडारी |
| क. ज्ञानुमाया क्षेत्री | क. गोपाल श्रेष्ठ | क. सुवास वि.क. | क. लक्ष्मी कुमारी भुजेल |

## स्वास्थ्य क्षेत्र यूनियन परिषद - Health Sector Union Council

### राष्ट्रिय सौन्दर्यकर्मी यूनियन, नेपाल - National Beautician Union of Nepal (NABUN)

| | | | |
|---|---|---|---|
| क. मिश्र कुमारी गुरुङ्ग (सुमन) | क. पम्फा देवकोटा पहारी | क. विष्णु कुमारी पराजुली | क. निर्मला मल्ल |
| क. गंगा नकर्मी | क. नुरमाया गुरुङ्ग | क. गंगा ज्यो श्रेष्ठ | क. विनीता दहाल |
| क. प्रेम कुमारी गुरुङ्ग (पवि) | क. धन कुमारी ईङ्नाम | क. गीता मैनाली | |

### नेपाल स्वास्थ्यकर्मी तथा कर्मचारी यूनियन - Nepal Health Work Employees Union (NHWEU)

| | | |
|---|---|---|
| क. चन्द्र थापा | क. श्रीजना कार्की | क. टि.एन. रावत |
| क. कमला लुईटेल | क. पुष्करबाबु त्रिपाठी | क. अनिता थापा |
| क. उमेश गिरी | क. सुरेश कुमार श्रेष्ठ | क. कुस्माखर बस्याल |

### नेपाल स्वास्थ्य स्वयंसेवी संघ - Nepal Health Volunteers Association (NEVA)

| | | | |
|---|---|---|---|
| क. रत्ना कुमारी रिजाल | क. सजन कुमारी मण्डल | क. सुनिता शर्मा | क. नुमा कुमारी थापा |
| क. अम्विका देवी ढुङ्गाना | क. सावित्री मैनाली | क. शारदा पौडेल | क. बिमला परियार |
| क. बिमला प्रसाई (सगौल) | क. सिता लामा गोले | क. पुष्पा कुमारी न्यौपाने | क. प्रेमपूर्ण योगी |
| क. टोटला दाहाल | क. शर्मिला सापकोटा | क. प्रभा देवी पौडेल | क. टिका अधिकारी |
| क. शोभा कुमारी यादव | क. निल कुमारी महर्जन | क. बिना कुमारी पौडेल | |

## प्रदेशहरू - Provinces

### प्रदेश नं. १ - Province No. 1

| | | | |
|---|---|---|---|
| क. सत्यनारायण चौधरी | क. भुमीनारायण चौधरी | क. शशी कुमार राई | क. बाल कुमार श्रेष्ठ |
| क. चुडामणी पोखरेल | क. मुरारी प्रसाद भट्टराई | क. कृष्ण घिमिरे | क. शान्तीराम गौतम |

### प्रदेश नं. २ - Province No. 2

| | | |
|---|---|---|
| क. रमेश प्रसाद मैनाली | क. ववित थापा | क. टिका बहादुर कार्की |
| क. तारा देवी पौडेल | क. संजय पटेल | |

## प्रदेश नं. ३ - Province No. 3

| | | | | |
|---|---|---|---|---|
| क. कृष्ण रिमाल | क. सृजना कुँवर | क. कान्छो रोक्का (मोहन) | क. दिनेश कुमार कार्की | क. ईन्दीरा आचार्य |
| क. रमा गजुरेल (चौलागाई) | क. अर्जुन प्रसाद ढुङ्गेल | क. अर्जुन अर्याल | क. मिङमार गोपाल शेर्पा | |
| क. कल्पना आचार्य | क. गोविन्द प्रसाद अर्याल | क. ईन्दीरा लामा | क. बल बहादुर लो | |

## प्रदेश नं. ४ - Province No. 4

| | | | |
|---|---|---|---|
| क. रुद्र बहादुर खत्री | क. लिला बहादुर कार्की | क. गुमा थापा क्षेत्री | क. मेघ बहादुर न्यौपाने |

## प्रदेश नं. ५ - Province No. 5

| | | |
|---|---|---|
| क. टोलराज पौडेल | क. दुर्गादेवी कार्की | क. सुनिद सेन |
| क. रञ्जु भट्टराई | क. पदमराज रिजाल | क. हुमाकान्त काफ्ले |

## प्रदेश नं. ६ - Province No. 6

| | |
|---|---|
| क. तेज प्रकाश जि.सी. | क. चन्द्राकुमारी धामी |

## प्रदेश नं. ७ - Province No. 7

| | |
|---|---|
| क. कर्ण बहादुर हमाल | क. ठक्कर बहादुर विष्ट |

## जिफन्ट सहयोग समूह र प्रवास कमिटी - Gefont Support Group & Migrantion Committee

| | | | | |
|---|---|---|---|---|
| क. चुनी थापा मगर | क. राज तामाङ | आइ बहादुर खत्री | क. विदुर पौडेल | क. निशा बानिया |

## राष्ट्रिय कमिटी - National Committee

| | | | | |
|---|---|---|---|---|
| क. विष्णु रिमाल | क. दिपक पौडेल | क. रामहरि नेपाल | क. मोहन नेपाली | क. मैयादेवी पोडे |
| क. हरिदत्त जोशी | क. गुणराम आचार्य | क. मिना गुरुङ | क. उत्तमकुमार श्रेष्ठ | क. रुकमणी कोईराला |
| क. मधुसुदन खतिवडा | क. केशव प्रसाद दुवाडी | क. हरि बहादुर कार्की | क. अरुणा थापा (मगर) | क. सुकमती (सुक्रानी) देवान |
| क. विदुर कार्की | क. दिनेश राई | क. पूर्ण बहादुर के.सी. | क. बिन्दु श्रीवास्तव | क. मायादेवी भण्डारी |
| क. गुमा देवी आचार्य | क. कमल गौतम | क. देवबहादुर बम | क. सिता लामा | क. सुन्तली चौधरी |
| क. विष्णु लम्साल | क. बेलीमैया घले | क. अमर यादव | क. हिरु पुन | क. दामोदर सापकोटा |
| क. जनक चौधरी | क. किशोर धमला | क. कुलबहादुर खत्री | क. बिमला थापा मगर | क. चन्दा धामी |
| क. जितेन्द्र जोंछें | क. त्रिविक्रम ज्ञवाली | क. मदन रिमाल | क. सुनिता थापा | क. राजकुमारी चौधरी |
| क. मन्जु कुमारी थापा मगर | क. सन्त कुमार राई | क. राम बुढाथोकी | क. पुर्ण कुमारी कार्की (गिता) | |
| क. रमेश बडाल | क. कमलेस झा | क. चन्द्रप्रसाद गुरुङ | क. कृपा कार्की | |
| क. जितेन्द्र श्रेष्ठ | क. रामनरेश सिंह | क. तुलसी प्र. सिवाकोटी | क. भिमा खड्का | |

| | |
|---|---|
| जिफन्ट गभर्निङ्ग काउन्सिल | क. मुकुन्द न्यौपाने |
| जिफन्ट गभर्निङ्ग काउन्सिल | क. ललित कुमार बस्नेत |
| जिफन्ट गभर्निङ्ग काउन्सिल | क. विनोद श्रेष्ठ |
| जिफन्ट गभर्निङ्ग काउन्सिल | क. चुडामणी जंगली |
| जिफन्ट गभर्निङ्ग काउन्सिल | क. उद्धव के.सी |
| जिफन्ट गभर्निङ्ग काउन्सिल | क. उमेश उपाध्याय |
| जिफन्ट गभर्निङ्ग काउन्सिल | क. विन्दा पाण्डे |
| जिफन्ट गभर्निङ्ग काउन्सिल | क. विना श्रेष्ठ |
| वरिष्ठ यूनियनकर्मी सञ्जाल | क. ओम कोईराला |
| वरिष्ठ यूनियनकर्मी सञ्जाल | क. कविन्द्र शेखर रिमाल |
| वरिष्ठ यूनियनकर्मी सञ्जाल | क. गोमा तिमल्सिना |
| वरिष्ठ यूनियनकर्मी सञ्जाल | क. केशवराज गिरी |
| वरिष्ठ यूनियनकर्मी सञ्जाल | क. फिपराज सुब्बा |
| वरिष्ठ यूनियनकर्मी सञ्जाल | क. सुरेन्द्र राई |
| वरिष्ठ यूनियनकर्मी सञ्जाल | क. बलराम खत्री |
| वरिष्ठ यूनियनकर्मी सञ्जाल | क. दिपा भण्डारी |
| राष्ट्रिय युवा कमिटी | क. सन्तोष पुडासैनी |
| राष्ट्रिय युवा कमिटी | क. सन्तोष के.सी |
| राष्ट्रिय युवा कमिटी | क. कविता महत |

# नेतृत्व / Leadership

## हामीहरु जो निर्वाचित भयौं / We, who got elected

### राष्ट्रिय कमिटी / National Executive Committee

**क. विष्णु रिमाल**
संरक्षक
Com. Bishnu Rimal
Patron

**क. बिनोद श्रेष्ठ**
अध्यक्ष
Com. Binod Shrestha
President

**क. रमेश बडाल**
उपाध्यक्ष (विदेश मामिला)
Com.Ramesh Badal
Veep (Foreign Affairs)

**क. विदुर कार्की**
उपाध्यक्ष (योजना समन्वय तथा व्यवस्थापन)
Com. Bidur Karki
Veep (Planning Coordination and Management)

**क. गुणराम आचार्य**
उपाध्यक्ष (आर्थिक प्रशासन)
Com. Gunaram Acharya
Veep (Finance Administration)

**क. दिपक पौडेल**
उपाध्यक्ष (श्रम सम्बन्ध परिषद्)
Com. Dipak Poudel
Veep (Labour Relation Council)

**क. जितेन्द्र श्रेष्ठ**
उपाध्यक्ष (प्रचार तथा प्रकाशन)
Com. Jitendra Shrestha
Veep (Publicity and Publication)

**क. मञ्जु थापा**
उपाध्यक्ष (ट्रेड युनियन शिक्षा)
Com. Manju Thapa
Veep (Trade Union Education)

**क. कमल गौतम**
उपाध्यक्ष (सामाजिक सुरक्षा तथा श्रमिक सहकारी)
Com. Kamal Gautam
Veep (Social Security and Labour Cooperative)

**क. मिना गुरुङ्ग**
पदेन उपाध्यक्ष (अध्यक्ष-महिला कमिटी)
Com. Mina Gurung
Ex Officio Veep (President-Women Committee)

**क. जनक चौधरी**
महासचिव
Com. Janak Chaudhary
Secretary General

**क. दिनेश राई**
उपमहासचिव
Com. Dinesh Rai
Dy Secretary General

**क. पूर्णकुमारी कार्की (गीता)**
पदेन उपमहासचिव (उपाध्यक्ष-महिला कमिटी)
Com. Purna Kumari Karki (Gita)
Ex Officio Dy SG (VP-Women Committee)

**क. त्रिविक्रम ज्ञवाली**
सचिव-आर्थिक
Com. Tribikram Gyawali
Secretary - Finance

**क. बेली मैया घले**
सचिव-ट्रेड युनियन शिक्षा
Com. Beli Maiya Ghale
Secretary - Trade Union Education

**क. निशा बानियाँ**
सचिव-श्रम सम्बन्ध परिषद्
Com. Nisha Baniya
Secretary - Labour Relation Council

**क. सुनिता थापा**
सचिव (महिला)
Com. Sunita Thapa
Secretary (Women)

**क. दामोदर सापकोटा**
सचिव-विदेश मामिला
Com. Damodar Sapkota
Secretary - Foreign Affairs

**क. किशोर धमला**
सदस्य (अध्यक्ष-प्रदेश नं. १)
Com. Kishor Dhamala
Ex Officio Member (Prez- Province No. 1)

**क. कमलेश झा**
सदस्य (अध्यक्ष-प्रदेश नं. २)
Com. Kamalesh Jha
Ex Officio Member (Prez - Province No. 2)

**क. रामहरि नेपाल**
सदस्य (अध्यक्ष-प्रदेश नं. ३)
Com. Ramhari Nepal
Ex Officio Member (Prez - Province No. 3)

**क. रुद्र बहादुर खत्री**
सदस्य (अध्यक्ष-प्रदेश नं. ४)
Com. Rudra Bahadur Khatri
Ex Officio Member (Prez - Province No. 4)

**क. हरि बहादुर कार्की**
पदेन सदस्य (अध्यक्ष-प्रदेश नं. ५)
Com. Hari Bahadur Karki
Ex Officio Member (Prez - Province No. 5)

**क. तेज प्रकाश जिसी**
पदेन सदस्य (अध्यक्ष-कर्णाली प्रदेश)
Com. Tej Prakash GC
Ex Officio Member (Prez - Province No. 6)

**क. देव बहादुर बम**
पदेन सदस्य (अध्यक्ष-प्रदेश नं. ७)
Com. Dev Bahadur Bam
Ex Officio Member (Prez - Province No. 7)

क. भिमज्वाला राई
पदेन सदस्य (नेयास्वमसं)
Com. Bhim Jwala Rai
Ex Officio Member (ITWAN)

क. नरनाथ लुईटेल
पदेन सदस्य (क्यूपेक–नेपाल)
Com. Naranath Luitel
Ex Officio Member (CUPPEC-Nepal)

क. आनन्द थामी
पदेन सदस्य (हवीन)
Com. Anand Thami
Ex Officio Member (WHIN)

क. सूर्य बहादुर कुँवर
पदेन सदस्य (नेस्वहोमयू)
Com. Surya Bahadur Kunwar
Ex Officio Member (NIHWU)

क. अर्जुन अधिकारी
पदेन सदस्य (जुगकाटेमयू)
Com. Arjun Adhikari
Ex Officio Member (JTGCWUN)

क. चन्द्र बहादुर थापा
पदेन सदस्य (नेस्वाककयू)
Com. Chandra Bahadur Thapa
Ex Officio Member (NHWEU)

क. सुमन प्रसाद पराजुली
पदेन सदस्य (यूनिट्राभ)
Com. Suman Prasad Parajuli
Ex Officio Member (UNITRAV)

क. महेन्द्र लाल श्रेष्ठ
पदेन सदस्य (इम्प्रेशन नेपाल)
Com.Mahendra Lal Shrestha
Ex Officio Member (IMPRESSION Nepal)

क. चेत बहादुर सापकोटा (कुमार)
पदेन सदस्य (नेष्ट)
Com. Kumar Sapkota
Ex Officio Member (NEST)

क. जीवन अधिकारी
पदेन सदस्य (नाटु)
Com.Jivan Adhikari
Ex Officio Member (NATU)

## महिला कमिटी / Women Committee

क. विजया खड्का
Com. Bijaya Khadka

क. रञ्जु भट्टराई
Com. Ranju Bhattarai

क. अरुणा थापा
Com. Aruna Thpa

क. चन्द्रा थामी
Com. Chandra Thami

क. राजकुमारी चौधरी
Com. Rajkumari Chaudhary

क. कमला तामाङ
Com. Kamala Tamang

क. माया भण्डारी
Com. Maya Bhandari

क. शारदा पौडेल
Com. Sharada Poudel

क. मिश्र कुमारी गुरुङ
Com. Mishra Kumari Gurung

क. शारदा पोडे
Com. Sharada Pode

क. स्मृति लामा
Com. Smriti Lama

क. तारा देवी पौड्याल
Com. Tara Devi Poudyal

क. सीता लामा
Com. Sita Lama

क. पम्फा देवकोटा पहारी
Com. Pampha Devkota Pahari

## युवा कमिटी / Youth Committee

क. सन्तोष पुडासैनी, अध्यक्ष
पदेन सदस्य
Com. Santosh Pudasaini, President
Ex Officio Member

## पदेन वैकल्पिक सदस्यहरू / Ex Officio Alternative Members

क. मचाबाबु मालाकार
Com. Macha Babu Malakar
NGEU
Alternate to NHWEU

क. नारायण अधिकारी
Com. Narayan Adhikari
BAFSEU
Alternate to IMPRESSION Nepal

क. पूर्णचन्द्र उपाध्याय
Com. Purnachandra Upadhyay
FAPWUN
Alternate to NATU

क. चन्द्र सागर लामा
Com. Chandra Sagar Lama
HUN
Alternate to UNITRAV

क. गणेश श्रेष्ठ
Com. Ganesh Shreshta
NESTU
Alternate to NEST

## महाधिवेशनबाट अनुमोदित कमिटीहरू / Committees rectified by the Congress

### प्रतिनिधि परिषद प्रमुख / GEFONT Congress Delegate's Council Chief

क. हरिदत्त जोशी/ Com. Hari Datta Joshi

### केन्द्रीय अनुशासन निरीक्षण आयोग प्रमुख / Central Commission for Discipline Inspection Chief

क. विष्णु लम्साल/ Com. Bishnu Lamsal

### वरिष्ठ यूनियनकर्मी संजाल / GEFONT Vetran's Network

क. केशव दुवाडी–अध्यक्ष/ Com. Keshav Duwadi–President

# विगत अवधिको नीतिगत समीक्षा र आगामी अवधिको कामको प्रस्ताव

देश राजनीतिक स्थिरताको संघारमा आइपुगेकाले संघर्ष र उपलब्धिहरुको हाम्रो यात्राले पनि अब नयाँ चरणमा प्रवेश गरिसकेको छ । बितेका दिनहरुतिर फर्केर हेर्दा सफलताका जुन कोशेढुङ्गाहरु देखिन्छन्, तीनैमा आधारित हुँदै आगामी कार्यकालका लागि कामको प्रारूप खिच्न सकिन्छ ।

१ **नयाँ श्रम कानुन र युनियनको मान्यता** : ०४७ को परिवर्तनसँगै 'कालो कानुन खारेज गर' नारामा नेपाल कारखाना तथा कारखानामा काम गर्ने मजदुर सम्बन्धी ऐन-०१६ को खारेजी र नयाँ ऐनको माग जिफन्टले गऱ्यो । फलतः युनियनकै संलग्नतामा श्रम ऐन-०४८ र ट्रेड युनियन ऐन ०४९ जारी भयो । ०४७ सालको परिवर्तनसँगै राजनीतिक रूपमा खुल्ला भएको ट्रेड युनियन आन्दोलनले २०५० सालबाट कानुनी मान्यता पायो ।

यस वर्ष संसदले श्रम ऐन-०४८ लाई खारेज गरी नयाँ श्रम ऐन जारी गऱ्यो, जसले सम्पूर्ण अनौपचारिक क्षेत्रलाई पनि कानुनी रूपमा औपचारिक सरह गऱ्यो । जुनसुकै प्रकृतिको श्रम र सर्तमा काम गरे पनि न्यूनतम ज्याला/सुविधा र सामाजिक सुरक्षाका लाभहरु सबैले पाउने गरी सिङ्गो श्रम क्षेत्रको लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन समेत जारी भयो । श्रम अडिटमार्फत् श्रम निरीक्षण तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा निरीक्षण प्रणाली पहिलो पटक लागू हुँदैछ । यो व्यवस्था नेपालमा मात्र होइन, समग्र दक्षिण एसियामा पनि नयाँ उपलब्धि हो ।

२ **कमैया मुक्ति आन्दोलन** : पश्चिम नेपालको पाँच जिल्लामा मध्ययुगीन दासताको अवशेषको रूपमा रहेको कमैया प्रथा विरुद्ध जिफन्टले २०५२ मा काम थाल्यो । कृषिमा नयाँ श्रम सम्बन्ध स्थापित गर्ने उद्देश्य सहित दासलाई गरिब बनाऔँ भन्ने नारामा कृषिमा रहेको शोषणमूलक श्रम अभ्यास अन्त्य गर्न सञ्चालित दशक लामो अभियान, बाँधा तथा बलपूर्वक लगाइने श्रमलाई निषेध गर्नका लागि कमैया श्रम निशेध गर्ने ऐन २०५८ जारी गराएरै सफलतामा टुङ्गियो ।

३ **सीमापारिको अभियान** : २०५० सालतिर वैदेशिक रोजगारीमा जाने लहर चल्दा दक्षिण कोरिया हट केक थियो । चर्को मूल्यमा विदेश जाने र अलपत्र पर्नेको त हिसाबै थिएन, दुर्घटनाबाट मर्ने र अङ्गभङ्ग हुनेको सङ्ख्या पनि बाक्लै थियो । बाँचेकाले दुःखसँग कमाएको धन कानुनी बाटोबाट मुलुक भित्र्याउने उपाय थिएन । अहिले सबैले भन्ने रेमिट्यान्स जस्ता शब्द त्यो बेला प्रचलित नै थिएन ।

जिफन्टले माग गऱ्यो- सरकारको योजनामा मात्र मानिस कोरिया पठाऊ, गैरकानुनी धन्दामा लागेका म्यानपावरहरुको 'पावर' खोस र कार्वाही गर । गन्तव्य मुलुकले आप्रवासीलाई घरवासी सरह मान्यता देऊ । कमाइलाई वित्तीय च्यानलबाट मुलुक भित्र्याऊ । त्यतिखेर यो 'अमिल्दो' माग मानिएको थियो । एक दशक भित्रै कोरियामा सरकार-सरकार बीचको संझौतामा नयाँ विधिबाट श्रम निर्यात सुरु भयो । रेमिट्यान्स वित्तीय च्यानलबाट राष्ट्रमा भित्रिन थाल्यो । शुल्क निकै सस्तो भयो, कमाइ राम्रो । जिफन्ट सहयोग समूहमार्फत् संगठित हुन थालेका आप्रवासी श्रमिकहरुको संगठन- एमटियू अस्तित्वमा आयो । यो अनुभव हङकङ, मलेसिया कतार लगायतका मुलुकमा पनि बिस्तार भयो । हरेक देशका आफ्नै अनुकूलता प्रतिकूलता अनुरूप विषयले प्रगति गरिरहेको छ । २०७४ पौष २१ मा कतारमा काफला प्रणाली अन्त्य भई श्रमिक अधिकार बहाल भएकोमा नेपाली श्रमिकहरुले अन्तर्राष्ट्रिय ट्रेड युनियनहरुको उपस्थितिमा कन्सर्ट नै आयोजना गरे ।

४ **१० प्रतिशत सेवा शुल्क** : २०३८ सालमा सोल्टी होटलका मजदुरहरुले पहिलो चोटि हडताल गर्दा राखेका मागमध्ये एउटा थियो - १० प्रतिशत सेवा शुल्क लागू गर । जिफन्टले सचेतनतापूर्वक यो माग अघि बढाउँदै "टिप्स" र "सेवा शुल्क" भिन्न हो, टिप्सले श्रमिकलाई मगन्ते बनाउँछ र वितरणमा 'जसको हात-जगन्नाथ' हुन्छ भन्ने तर्क अघि सार्‍यो । यसलाई व्यवस्थित गर्न बिलमा नै १० प्रतिशत शुल्क अतिरिक्त लगाउने हो भने एकातिर व्यवसायीले २/२ वटा एकाउन्ट राखी गर्न सक्ने कर छलि पनि रोकिन्छ र श्रमिकको आय दोब्बर हुनसक्छ । सेवामा यसले प्रगति गर्छ । हाम्रो यही तर्क थियो । बुझाउन साह्रै मुस्किल पऱ्यो । झण्डै २५ वर्षको निरन्तर दबाब पछि भएको निर्णायक आन्दोलनपश्चात् व्यवसायीहरुले १० प्रतिशत सेवा शुल्क स्वीकार गरे, सरकारले सहमति जनायो । २०६३ पौषबाट लागू भयो । श्रमिकहरुले आफ्नो आम्दानी तीन गुणासम्म प्राप्त गर्न सकेका छन् ।

५ **न्यूनतम ज्याला अभियान** : २०२२ सालदेखि नै नेपालमा न्यूनतम ज्याला घोषणा हुँदै आए पनि यसको कभरेज सीमित थियो । श्रम ऐन ०४८ लागू भएपछि प्रत्येक २/२ वर्षमा न्यूनतम ज्यालाको पुनरावलोकन गर्ने विधि तुलनात्मकरूपमा व्यवस्थित भयो । न्यूनतम ज्याला राष्ट्रिय वा विषयगत हिसाबमा एउटै हुनुपर्थ्यो, तर ०४८ सालपछि पनि ०२२ सालको परम्परा तोडिएन । सीपको आधारमा

न्यूनतम ज्यालालाई चार तहमा विभाजन गरियो । कतिले न्यूनतम ज्यालालाई अधिकतम ज्यालाको रूपमा लिए । केही क्षेत्रहरु न्यूनतम ज्यालाबाट समेटिएनन् ।

यो भद्रगोललाई ठिक पार्न **सबैलाई न्यूनतम ज्याला एउटै**को नारा अघि सारियो । युनियनहरुले भने- न्यूनतम भनेको न्यूनतम नै हो, त्यो हकको रूपमा स्थापित होस् । त्यसभन्दा माथिको अङ्क मात्रै 'कम्पनीको तिर्न सक्ने क्षमता'को आधारमा सामूहिक सौदाबाजीमार्फत् निश्चित गरियोस् । निरन्तरको संघर्षपछि २०६७ सालबाट न्यूनतम ज्याला एउटै भएको छ । कृषि, चिया र निर्माण क्षेत्रमा फरक ढङ्गबाट यसलाई तोकिने गरिएको छ । पहिले न्यूनतम ज्याला तोक्दा श्रमिक ठगिन्छन् भन्ने अन्तर्राष्ट्रिय जगतले पनि जीवन धान्न पुग्ने न्यूनतम ज्याला (लिभिङ मिनिमम वेज फ्लोर) अभियान सञ्चालन गरिरहेका छन् ।

६ **श्रम नीति** : बहुदलीय व्यवस्थाको सुरुवाती दिनमा नीति निर्माता र कर्मचारीतन्त्रमा श्रम कानुनलाई नै श्रमनीति ठानिने प्रचलन थियो । त्यसलाई स्पष्ट पार्न जिफन्टले आफ्नो दोस्रो राष्ट्रिय महाधिवेशनको समयमा श्रमनीतिको खाका पारित गऱ्यो । यसलाई राष्ट्रिय स्तरमा स्वीकार्य बनाउन पहिलो चोटि राष्ट्रिय श्रम सम्मेलन गराउन पहल गरियो । त्यसले पारित गरेका विषयहरु सरकार, रोजगारदाता र ट्रेड युनियनले पालना गर्ने साझा आधार बन्यो । ०५२ सालबाट सुरु भएको यो अभियानले ०५४ सालमा नै पूर्णता पायो ।

७ **जेण्डर विषय** : जेण्डर मूलप्रवाहीकरणको लक्ष्य राखी विशेष विभागको रूपमा गठन गरिएको केन्द्रीय महिला मजदुर विभाग आफैंमा नयाँ प्रयास थियो । पीडित र पीडक आमने/सामने भएर मात्रै हैन, एकले अर्कालाई सुनेर पीडितले पीडकबाट क्षतिपूर्ति पाउँछन् भन्ने मान्यतासँगै "मौनताको संस्कार" तोडौँ, महिला-पुरुष बराबरीको लागि बोलौँ" को स्पिरिटमा काम सुरु भयो ।

हरेक कार्यक्रममा २५ प्रतिशत महिला र महिलाका कार्यक्रममा २५ प्रतिशत पुरुष सहभागिता अनिवार्य गरी एकले अर्कालाई आफ्नो कुरा भन्ने र सुन्ने विधि जिफन्टले थाल्यो । यससँगै महिला सदस्यको सङ्ख्या वृद्धि र सङ्ख्या वृद्धिसँगै प्रत्येक ४/४ वर्षमा ५/५ प्रतिशतले सबै तहमा महिला सहभागिता वृद्धिको लक्ष्य लिइयो । "प्रतिनिधित्व मात्रै हैन, समान सहभागिता" भन्ने नारामा महिलामाथि विभेद गर्ने कानुनको पहिचान, संशोधन र खारेजीको अभियान थालियो । २०६३ सालमा पुनर्स्थापित संसदले महत्वपूर्ण निर्णय गरी राज्य र सामाजिक संस्थाहरुमा अनिवार्य एक तिहाइ महिलाको नीति लागू गऱ्यो । जिफन्टको सन्दर्भमा शून्य प्रतिनिधित्वको अवस्थाबाट बढेर सिङ्गो संरचनामा एक तिहाइ पुगेको छ ।

एउटा मात्रै हैन बहुपक्षीय संरचना, जस्तो कि श्रमिक महिलालाई ट्रेड युनियन र राष्ट्रिय महिला आन्दोलनसँगै जोड्ने र विभिन्न ट्रेड युनियनहरु बीच **लैङ्गिक समानता र प्रवर्धनको लागि ट्रेड युनियन कमिटी** नै बनाइयो । यसले कार्यथलोको लागि दश वटा साझा जेण्डर विषयहरु पहिचान गऱ्यो र लैङ्गिक विभेद गर्ने कानुनहरुको सूची समेत तयार गऱ्यो । त्यस पछिको निरन्तर अभियानले महिला विरुद्धको असमान व्यवहार घटेको छ, पहिचान गरेका विभेद कानुनतः अन्त्य भएका छन् ।

८ **सामाजिक सुरक्षा** : कुनै समय सामाजिक सुरक्षाको विषय कथा जस्तै लाग्थ्यो । अहिले सामाजिक सुरक्षा र त्यसका कार्यक्रम आम चर्चा र चासोको विषय बनेको छ । २०५७ बाट विषेश रूपमा सुरु भएको यो अभियान नयाँ संविधान र योगदानमा आधारित सामाजिक सुरक्षा ऐनको माध्यमबाट पूरा हुँदैछ । दुई दशकभन्दा लामो अभियान सफलताका साथ अघि बढिरहेको छ ।

९ **नेपालको ट्रेड युनियन आन्दोलन - विविधतामा एकताको नमुना** : नेपाली यूनियनहरु एकले अर्काको अनुहार समेत हेर्न रुचाउँदैन थिए । एक किसिमले भन्ने हो भने घाँटी काटाकाटको प्रतिस्पर्धा थियो । त्यसलाई सहकार्यमा रूपान्तरण गर्न जेटियुसीसीको परिकल्पना गरियो । सुरुमा कसैले पत्यार गरेनन् । तर शिक्षकहरुको साझा महासंघ, निजामती कर्मचारीहरुको सामूहिक सम्झौता गर्ने साझा युनियन यसका सफल प्रयोग हुनुका साथै सबै महासंघहरुको साझा घरको रूपमा जेटियुसीसी बन्यो । यसलाई संस्थागत गर्नका साथै हरेक वर्ष श्रम संसद सञ्चालन गर्ने नयाँ परम्परा सुरु गरिएको छ । नेपालका विभिन्न प्रधानमन्त्री तथा राष्ट्रपतिदेखि आइएलओका महानिर्देशकसम्म जेटीयूसीसीको सम्मेलनमा प्रमुख अतिथि बने । यो हाम्रो लागि मात्रै हैन अहिले विश्वका कतिपय देशको युनियनहरुका लागि उदाहरणीय विषय बनेको छ ।

जनप्रतिनिधिमूलक निकायमा १० प्रतिशत श्रमिक प्रतिनिधित्व, नीतिगत सम्वादका लागि संसदमा बहुपक्षीय आर्थिक-सामाजिक परिषद, राष्ट्रिय श्रम आयोग जस्ता मागहरु पूरा गर्न हाम्रो अभियान जारी छ ।

आगामी दिनहरु पनि चुनौतिले भरिएका छन् । स्पष्ट सैद्धान्तिक-वैचारिक अडानहरु, व्यावहारिक रूपमा कार्यान्वयन गर्न सकिने कार्यक्रमहरु, आवधिक योजना तथा आदर्श र इमान्दार, जागरुक र प्रतिबद्ध नेता-कार्यकर्ता सहितको ठूलो पंक्ति, सम्पूर्ण सदस्यहरु र तमाम श्रमजीवी वर्गलाई लिएर सँगसँगै समाजवादतिर यात्रा गर्नु छ नेपाल ट्रेड युनियन महासंघले । छोटो समय अवधिमा पनि अनेक उतार-चढाबहरु खपिसकेको र चार पुस्तामा हिडिरहेको हाम्रो ट्रेड युनियन आन्दोलन अनुभवहरुका उल्लेखनीय बलमा उभिएको छ। राज्यलाई पुँजीपक्षीय चरित्रको बनाएर कथित उदारवादको शोषणमूलक पुँजीवादी मार्गमा दौडाउन अनेक षडयन्त्रहरु छन्, शक्तिहरु छन् र दबाबहरु छन् । तर, राज्यलाई श्रमिकपक्षीय चरित्र दिदै समाजवादको समतामूलक र शोषणमुक्त मार्गमा दृढताका साथ अघि बढ्न जस्तासुकै कठिनाइ र अवरोधहरुसँग संघर्ष गर्न हामी प्रतिबद्ध छौँ । किनभने समाजवाद हाम्रो दीर्घकालीन लक्ष्य मात्र होइन, समाजवाद नै हाम्रो भविष्य हो । त्यसैले प्राप्त उपलब्धिहरुबाट अघि बढ्दै आगामी कार्यकालका लागि निम्न कार्यक्रम प्रस्ताव गरिएको छ :

### १. श्रमिकका लागि सुदृढ लोकतन्त्र र समाजवाद

लोकतन्त्र सुदृढ नभई हाम्रो महासंघको लक्ष्य 'श्रमजीवी वर्गको लागि मर्यादित र सिर्जनशील जीवन' प्राप्त हुँदैन । श्रमजीवी वर्गलाई लोकतन्त्र सुदृढ हुनुको अर्थ हो- समृद्ध जीवनको प्राप्ति । त्यसैले, यो महाधिवेशनको थिम- 'सुदृढ लोकतन्त्र र समृद्ध श्रमजीवी वर्ग' तय गरिएको हो ।

सन् २०१५ बाट सन् २०३० सम्मका लागि संयुक्त राष्ट्र संघले तय गरेका दिगो विकास लक्षमा १७ मध्ये ६ वटा लक्ष्यहरु श्रमको संसारसँग प्रत्यक्षरूपमा जोडिएका छन् । गरिबीको अन्त्य, लैङ्गिक समानता, मर्यादित काम र असमानता न्यूनीकरणसँग जोडिएका दिगो विकास लक्ष्यहरुमा केन्द्रित भई तीव्र विकास सहितको आर्थिक-सामाजिक रूपान्तरणमा जोड दिंदै समृद्धिको लागि लोकतन्त्र सुदृढ बनाउन सिङ्गो महासंघ परिचालित हुनेछ। यसका लागि महासंघको संस्थागत र संरचनागत सुदृढीकरण गरिनेछ ।

राज्यको पुँजीपक्षीय चरित्रलाई श्रमिकपक्षीयतामा रूपान्तरण गर्न राज्यव्यवस्थाका सबै निर्वाचित हुने तह र निकायहरुमा श्रमजीवी वर्गको १०% स्थान सुनिश्चित गर्ने अभियानलाई निरन्तरता दिइनेछ ।

समाजवाद उन्मुख यात्रामा वर्ग, जेण्डर, जातीय र क्षेत्रीय विभेदहरुको अन्त्यका लागि 'वर्ग जोड (प्लस) तीन' सन्तुलनको हाम्रो मान्यतामा आधारित रही वर्गीय र सामाजिक समावेशीकरणका अभियानहरु अघि बढाइने छ ।

समाजको स्थिरता, शान्ति र समृद्धिका लागि वर्गहरु बीचको द्वन्द्वलाई रूपान्तरण र व्यवस्थापन गर्न तथा आधारभूत तहका श्रमिक वर्गलाई मध्यम वर्गमा रूपान्तरण गर्न राजनीति, श्रमबजार र अर्थव्यवस्था तीनै क्षेत्रमा सिङ्गो श्रमशक्तिको परिचालन गरिनेछ ।

**२. संगठन निर्माण र परिचालन**

महासंघका सबै तहका संगठन र संरचनाको क्षमता विकासका तीन प्रमुख उद्देश्यहरु हुनेछन् :

- संसद र सडकमा शक्तिको बिस्तार गर्नु
- लब्बीइङ, दबाब र आन्दोलनमा कुशलता हासिल गर्नु
- अन्तर्राष्ट्रिय आन्दोलन र संरचनाहरुमा उल्लेखनीय उपस्थिति सुनिश्चित गर्नु

त्यसैले श्रमशक्ति, युनियन आन्दोलन र महासंघको प्रभाव बिस्तारको लागि निम्न कामहरुमा जोड दिइनेछ :

- प्रतिष्ठान र स्थानीय कार्यथलोहरुमा सदस्य-आधारित बलियो युनियन बनाउने र युनियनहरुबीच कसिलो ऐक्यबद्धता कायम गर्ने
- राज्यव्यवस्थाका तीनवटै तह - केन्द्र, प्रदेश र स्थानीय तहमा प्रतिनिधित्व बढाउँदै राजनीतिक पहुँच र शक्ति सुदृढ पार्ने
- स्थानीय र राष्ट्रिय स्तरमा श्रममैत्री संगठनहरुसँग सहकार्य बढाउने
- अन्तर्राष्ट्रिय स्तरमा सम्पर्कहरु फैलाएर, सम्बन्धहरु घनिष्ठ बनाएर, विभिन्न फोरमहरुमा उपस्थिति र सक्रिय सहभागिता बढाएर तथा क्षेत्रीय-अन्तर्राष्ट्रिय संस्थागत संरचनाहरुमा चुनिएर-मनोनित भएर महासंघको स्थान र छवि उन्नत पार्ने
- यी सबै स्तरमा अनेकौँ स्थानहरुका लागि नेता-कार्यकर्ता पंक्तिको ज्ञान, दक्षता र क्रियाशीलता बढाउने गतिविधिहरु सञ्चालन गर्ने ।

श्रमशक्तिको विकास र परिचालनमा हामीले विगत दशकदेखि लिएको त्रिभुजात्मक रणनीतिको सान्दर्भिकता अझै बढेर गएको छ । यसर्थ, देशभित्रका ज्याला रोजगारीमा रहेको श्रमशक्ति, देशभित्रको स्वरोजगार श्रमशक्ति र विदेशी भूमिमा कार्यरत श्रमशक्ति - यी तीनवटै श्रमशक्तिलाई लक्षित गरी संगठन निर्माण र परिचालनको दायरालाई थप बिस्तार दिइनेछ :

- सङ्ख्याको हिसाबले कृषि, निर्माण र छरिएको शहरी अनौपचारिक क्षेत्र
- गुणस्तरियताको हिसाबले आधुनिक सेवा क्षेत्र
- ब्लकको हिसाबले उत्पादनमूलक उद्योग क्षेत्र

**३. श्रम बजार सुधार**

श्रमिक वर्गले खोजेको अर्थव्यवस्था भन्नु नै अन्याय र शोषणको सिक्रीले बाँधेर डोर्‍याइरहेको श्रमबजारलाई न्यायपूर्ण श्रमबजारमा रूपान्तरण गर्न ध्यानकेन्द्रित गर्ने समाजवादोन्मुख अर्थव्यवस्था हो । तसर्थ, प्रतिनिधिसभा र प्रदेशसभामा **आर्थिक तथा सामाजिक परिषद** गठन गरी श्रमिकका एजेण्डालाई संसदले सोझै सम्बोधन गर्ने प्रणालीको विकासमा जोड दिइनेछ ।

श्रम उत्पादकत्व, क्षमता र पारिवारिक सम्पन्नताका सूचकहरुमा काठमाडौँ उपत्यका सबभन्दा माथि छ, तर अरु क्षेत्रका श्रमिकहरु धेरै तल रहेको तथ्याङ्कहरुले देखाएका छन् । त्यसैले सबै क्षेत्रका श्रमिकहरुको उत्पादकत्व, व्यक्तिगत क्षमता र घरपरिवारको सम्पन्नताका सूचकहरुलाई कम्तीमा काठमाडौँ उपत्यकाकै स्तरमा ल्याइपुर्‍याउने लक्ष्यका साथ पहल र दबाबको ठूलो आवश्यकता छ ।

मुद्रास्फितिको दरसँग वा मूल्यवृद्धिसँग पारिश्रमिकको तादात्म्यता अर्थात् ज्याला सूचकाङ्कीकरण आगामी दिनमा महत्वपूर्ण एजेण्डाको रूपमा अघि बढाइनेछ । त्यसैले

श्रमबजार सुधारको मूल नारा- 'न्यायोचित उच्च ज्याला, मानवीय कार्यावस्था र सबै श्रमजीवीका लागि सामाजिक सुरक्षा' हुनेछ ।

किटेरै भन्दा श्रमबजार सुधारका लागि निम्न नीतिगत आधार हुनेछन् :

- समाजवादी विचारले डोर्‍याएको बजार नियमन
- श्रमिकहरुलाई उत्पादनका साधनको मालिक बनाउँदै लैजाने दीर्घकालीन सोच
- मर्यादित रोजगारीका लागि श्रम कानुनको कार्यान्वयन
- प्रादेशिक र व्यवसायगत स्तरमा सामूहिक सौदाबाजी
- राष्ट्रिय स्तरमा नीतिगत सामाजिक सम्वाद
- नीति निर्माणमा बलशाली र प्रभावशाली भूमिकामा हाम्रो संगठन
- राज्यका तीनै तहको श्रमप्रति संवेदनशीलतामा वृद्धि गर्न पहल

- उच्च ज्याला - उच्च उत्पादकत्वको मान्यतामा ज्याला र रोजगारी आधारित विकास रणनीतिको लागि पहल र दबाब
- रोजगारी वृद्धिमा जोड दिंदै रोजगारीको गुणस्तर तथा श्रमिकको आयस्तर र जीवनस्तरमा सुधारका लागि सिर्जनात्मक र दबाबकारी गतिविधि
- त्रिपक्षीय ढाँचामा राष्ट्रिय श्रम सम्मेलन आयोजनाको पहल

कार्यगत हिसाबले निम्न कामहरु प्राथमिकतामा रहनेछन् ः

- तत्कालै थप रु. ५,००० ज्यालावृद्धिको दबाबकारी एकताबद्ध अभियान सञ्चालन गर्ने ।
- सामाजिक सुरक्षाको स्कीमहरुको दायरा बृहत बनाउनुका साथै सबैलाई समेट्नका लागि लोककल्याणकारी कार्यक्रममा जोड दिने ।
- स्थानीय तहमा योगदानमा आधारित सामाजिक सुरक्षा स्कीमहरु र कल्याणकारी कार्यक्रमहरुको कार्यान्वयनका लागि श्रमिकको पञ्जीकरण र श्रम डेस्कको सञ्चालनका लागि पहल गर्ने ।
- स्थानीय तहमा श्रमिकका गुनासा सुन्ने निकायको व्यवस्था गराउने ।
- कार्यथलोमा नतिजा दिने औद्योगीक स्तरको र विषयगत सामूहिक सौदाबाजीको गतिशील प्रणाली र युनियनहरुको एकल साझा बार्गेनिङ प्यानेल बनाउने ।
- श्रम अडिटलाई स्थानीय तहमा स्थापित गरी तुरुन्तै कारबाहीमा क्रियाशील हुने श्रम निरीक्षण प्रणाली विकसित गर्ने ।
- व्यवसायजन्य स्वास्थ्य र सुरक्षा नीतिलाई प्रभावकारी बनाउन र कार्यथलोलाई स्वच्छ र सुरक्षित बनाउन स्थानीय तहको कार्यकर्ता पंक्ति प्रशिक्षित र परिचालित गर्ने ।
- सबै महानगरपालिका, उपमहानगरपालिका र प्रदेशहरुका प्रमुख नगरहरुमा रोजगार सूचना केन्द्रहरु प्रभावकारी ढङ्गले सञ्चालन गराउन पहल गर्ने ।

## ४. एकता र ऐक्यबद्धताको सुदृढीकरण

देशको राजनीतिमा एकता र गठबन्धनले गति लिएको वर्तमान अवस्थामा युनियन आन्दोलनमा पनि एकताको प्रक्रियालाई अघि बढाएर सम्भव भएसम्म धेरैलाई एकीकरणमा समेट्ने उचित समय भएको छ । आन्दोलनको यो नयाँ कोर्स हो, जहाँ जेटीयुसीसी पनि थप परिमार्जनका साथ चलिरहनेछ । एकताको अतिरिक्त ऐक्यबद्धतामा फराकिलो जेटीयुसीसी आगामी दिनमा पनि प्रभावशाली भूमिका खेल्नसक्ने संयुक्त खालको ट्रेड युनियन संरचना हो । अब जेटीयुसीसीलाई प्रादेशिक तहमा समेत सञ्चालन गर्ने अनिवार्यता आइसकेको छ ।

यसरी नै केन्द्र, प्रदेश र स्थानीय तहमा राज्यव्यवस्थालाई समाजवादोन्मुख श्रमिकमुखी चरित्र दिने काम अघि बढाउन सकिन्छ । यसै मान्यतालाई आत्मसात गरी निम्न तीन काम गरिनेछ ः

- संयुक्त टेड युनियन समन्वय केन्द्र अझ बलियो र प्रभावकारी ढङ्गबाट सञ्चालन गर्ने ।
- महासंघको नीति, सिद्धान्त, कार्यक्रम र विचारसँग मेल खाने जेटियुसीसी परिवारभित्रका अन्य महासंघहरुलाई पनि एकीकरणको प्रक्रियामा ल्याउन पहल गर्ने
- यसका लागि उच्चस्तरीय एकता कार्यदल गठन गरी प्रक्रिया अगाडि बढाउने ।

## ५. जेण्डर समानता

छैटौँ महाधिवेशनबाट हामीले अघि सारेको कार्यक्रमलाई थप सुदृढ गरेर अघि बढाउनु पर्ने आवश्यकता महसुस गरिएको छ । यो महाधिवेशनबाट **"यसो हुन दिउँ"** भन्ने पहिलेको थिमलाई केही परिमार्जन गरी '**यसो हुन दिउँ, यसलाई थप सुदृढ गरौं**' भन्ने नाराका साथ अब सबै तह र क्षेत्रमा ३३ प्रतिसत महिला प्रतिनिधित्वको ग्यारेण्टी गर्न, जेण्डर आधारित विभेदको अन्त्य गर्न, काम र जीवन बीचको सन्तुलन कायम गर्न, महिला हिंसा विरुद्ध शून्य सहनशीलता कायम गर्न र महिला सदस्यता वृद्धिका प्रमुख पाँच काममा केन्द्रित जेण्डर समानता अभियान अघि बढाइनेछ ः

- महिला बहुल क्षेत्र र महिला न्यून क्षेत्रमा फरक रुपमा युनियन नेतृत्व विकास हुनु जरुरी । यसका लागि फरक रणनीति र योजनाका साथ जिफन्टको सिङ्गो संरचना, महिला कमिटी र घटक युनियन बीच समन्वय गरी परिचालनको काम अघि बढाउने ।
- संवैधानिकरूपमा महिला पुरुष बीचको विभेद धेरै हदसम्म हटे पनि व्यवहारमा अझै पनि महिलालाई "मातहत"को रुपमा हेर्ने विभेदपूर्ण दृष्टिकोण हटेको छैन । समाजमा अझै पनि जेण्डर आधारित विभेदहरु विद्यमान छन् । यसलाई न्यूनीकरण गर्दै लैजानका लागि अन्य सम्बन्धित संघ-संगठन र आन्दोलनसँग समेत हातेमालो र सहकार्य गरिनेछ ।
- काम र परिवार बीच सन्तुलनको बारेमा जेण्डर भूमिका परिवर्तनका लागि रोल मोडलहरुसँग अन्तरक्रिया र अनुभव आदानप्रदान लगायतका गतिविधिमार्फत् घरेलु काममा सहकार्यको संस्कारलाई प्रोत्साहित गर्ने ।
- महिला विरुद्ध हिंसाका बारेमा शून्य सहनशीलताको अभियानलाई अगाडि बढाउने क्रममा पाचौँ राष्ट्रिय श्रमिक महिला सम्मेलनबाट पारित आचारसंहिताको कार्यान्वयनलाई व्यापकता दिने ।
- युनियन संरचनाका सम्पूर्ण तहमा ३३ प्रतिशत महिला प्रतिनिधित्व तथा महिला सदस्यता बिस्तारका लागि अभियानहरु सञ्चालन गर्ने ।

## ६. युवा परिचालन

नेपालको ट्रेड युनियन आन्दोलन तीन पुस्ताको संयोजनमा अगाडि बढिरहेको छ । एउटा पुस्ता ६० वरिपरिको, अर्को पुस्ता ४० प्लस र तेस्रो युवा पुस्ता ४० वर्ष तलको रहेको छ । पहिलो पुस्ता क्रमशः बिदा लिने क्रममा छ भने दोस्रो पुस्ता अबको युनियन आन्दोलनको मेरुदण्डका रुपमा रहनेछ । निम्न विषयहरु युवा केन्द्रित कार्यक्रमका अभिन्न अङ्ग रहनेछन् ः

- युनियन आन्दोलनको सुनिश्चित भविष्यका लागि तेस्रो पुस्ताको नेतृत्व विकासमा जोड
- रोजगारी अभिवृद्धिमा जोड दिदै युवाहरुको सीप, दक्षता र योग्यता वृद्धि तथा युवा श्रमिकको युनियनीकरण
- युनियनभित्र युवा सहभागिता वृद्धिका लागि कार्यथलो केन्द्रित कामहरु तथा युवा बाहुल्य नयाँ क्षेत्रको खोजी गरी संगठित गर्न अभियान
- ट्रेड युनियनका सबै संरचनाहरुमा युवा-प्रतिनिधित्वको लागि आवश्यक व्यवस्था र यसमा युवा जेन्डर सन्तुलन र सङ्गठित युवाहरुको अभिलेखीकरण
- युवामा नेतृत्व क्षमता विकास गरी जिम्मेवारी दिन र उनीहरुलाई युनियनप्रति आकर्षित गर्न विभिन्न रचनात्मक युवा गतिविधिहरुको सञ्चालन
- भोलिको ट्रेड युनियन आन्दोलनको नेता आजका युवा विद्यार्थी क्षेत्रमा क्रियाशील जनशक्ति हो भन्ने कुरालाई ध्यान दिदै युवा-विद्यार्थी आन्दोलनसँग रोजगारी र श्रमबजारका विषयमा अन्तरक्रिया र सहकार्य बिस्तार ।

### ७. प्रवासी श्रमिकको संरक्षण

प्रवासमा कार्यरत नेपाली श्रमिकहरुको संरक्षणमा हामीले महत्वपूर्ण उपलब्धिहरु हासिल गरेका छौँ । यसको सान्दर्भिकता वैदेशिक रोजगारीमा बढ्दो सङ्ख्यासँगै अझ उचाइमा पुगेको छ । तसर्थ निम्न कामहरुमा जोड दिइनेछ :

- जिफन्ट सहयोग समूहहरुको क्षमता विकास गर्ने
- नेपाली प्रवासी श्रमिकको संरक्षण र हित प्रवर्धनका लागि कूटनीतिक निकायहरुसँग सम्पर्क र सहकार्य गर्ने
- गन्तव्य देशहरुका ट्रेड युनियन केन्द्रहरुसँगको सम्बन्धलाई उच्च महत्व दिई घनिष्ठता प्रवर्धन गर्ने
- विभिन्न गन्तव्य देशहरुमा प्रवासी श्रमिक लक्षित चेतनामूलक कार्यक्रमहरु गर्ने
- आईटीयुसी र जीयुएफहरुसँगको प्रवासी श्रमिक लक्षित सहकार्यलाई बिस्तार गर्ने
- सरकार सरकार बीच द्विपक्षीय सम्झौता गरी सरकारकै पहलमा वैदेशिक रोजगारीलाई  सुरक्षित बनाउन दबाब सृजना गर्ने
- विप्रेषणलाई उत्पादनमूलक लगानीतर्फ प्रवाहित गराएर स्वदेशमा नै रोजगारीको सृजनाका लागि चेतना र दबाब बढाउने
- विदेशमा प्राप्त अनुभव, प्रविधि र सीपको सहज प्रमाणीकरणका लागि व्यवस्था मिलाउने,
- कार्यक्षेत्रबाट नै आमनिर्वाचनहरुमा मतदानको अधिकारका लागि पहल गर्ने
- बाहृय विश्वमा प्रवासी श्रमिकको कुटनैतिक नियोगमार्फत् संरक्षणका लागि पहल गर्ने ।

### ८. अर्गनाइजिङ एकेडेमी

अर्गनाइजिङ एकेडेमीको अवधारणा महासंघ र देशको श्रमिक आन्दोलनको असल भविष्यका लागि गत महाधिवेशनबाट तयार गरिएको हुनाले यसको थप सुदृढीकरणमा निम्न बमोजिम जोड दिइनेछ :

- श्रमसम्बन्धी अनुसन्धानका लागि राष्ट्रिय श्रम प्रतिष्ठानसँग सहकार्य र नीतिगत विश्लेषण र वैचारिक कामका लागि ट्रेड युनियन पोलिसी इन्स्टिच्युटको संस्थागत विकास र प्रभावकारितामा वृद्धि गर्ने ।
- नियमित ट्रेड युनियन स्कूललाई वैचारिक कोर्सहरु केन्द्रीय तहबाट र आधारभूत कोर्सहरु प्रादेशिक तहबाट सचालन गर्ने गरी संस्थागत व्यवस्थापन गर्ने ।
- राष्ट्रिय श्रम स्रोतकेन्द्रको प्रचार गर्ने तथा अध्ययन-अनुसन्धानको भरपर्दो केन्द्रको रूपमा यसको विकास गर्ने ।
- प्रशिक्षण सामग्री र अभियान सामग्रीको निर्माण र परिमार्जन गर्दै जाने ।
- सबै प्रदेश र स्थानीय तहहरुमा संगठकहरुको समूह तयार गर्ने र परिचालन गर्ने

### ९. सञ्चार र प्रचार

सञ्चार र प्रचारमा उपयुक्त ध्यान दिनु र साधनस्रोत प्रवाह गर्नु अपरिहार्य भएकाले निम्न कामहरु प्राथमिकताका साथ गरिनेछ :

- 'प्रत्येक सदस्यका हातमा श्रमिक खवर' भन्ने नाराका साथ ग्राहक अभियान सञ्चालन
- श्रव्य, दृश्य, छापा र अनलाइन मिडियाको काम प्रभावकारी बनाउने
- वेबसाइट व्यवस्थापन र मोबाइल एप्स्
- कर्पोरेट आईडीको परिमार्जन र उपयोग
- यू-ट्युब र अन्य सामाजिक सञ्जालको माध्यमबाट छोटा सूचना र ट्रेड यूनियन शिक्षा दिने सामग्रीमा नियमितता
- अन्तर्राष्ट्रिय स्तरमा जानकारी प्रवाह र प्रचारमा जोड ।

### १०. समकालीन सरोकारका एजेण्डा

मूलतः जलवायु परिवर्तन र पर्यावरणीय समस्याले श्रमजीवी वर्गमाथि रोजगारी, कार्यथलो र स्वास्थ्यमा परेका प्रतिकूल असरहरुका सन्दर्भमा निम्न विषयमा हाम्रो ध्यान केन्द्रित हुनेछ :

- पर्यावरणीय समस्या र जलवायु परिवर्तनका मानव समुदाय र श्रमिक वर्गको स्वास्थ्य, रोजगारी र आजीविकामा परिरहेका र बढिरहेका प्रतिकूल असरहरु न्यूनीकरणका गतिविधि ।
- ऊर्जाको उत्पादन र प्रयोगमा श्रमजीवी जनताको पहुँच र नियन्त्रण स्थापित गर्ने ।
- महासंघ सदस्यहरु लगायत सम्पूर्ण श्रमिक वर्गलाई पर्यावरणीय सङ्कटले जीवन, रोजगारी र स्वास्थ्यमा बढिरहेका प्रतिकूलताप्रति गम्भीर बनाउन अभियान ।
- राज्य व्यवस्था र राजनीतिक दलहरुलाई जलवायु परिवर्तन, प्रदूषण सङ्कट, व्यवसायजन्य रोग, कार्यथलोको स्वच्छता र मर्यादित रोजगारीका सन्दर्भमा गम्भीरताका साथ अविलम्ब उपयुक्त कदमहरु चाल्न दबाब ।

# Policy Review of the Past and Proposal of Future Programme

The country has reached to the doorstep of political stability now. With this, the struggle of trade unions and the achievements they made have elevated to a new phase. If we look at our glorious past, we can treasure many achievements to celebrate, and a lot of learning to embrace. The achievements and learning provide us a solid foundation based on which we can develop future programmes of trade union movement.

**1. New labour law and union's viewpoint**: With the political change in 1990, GEFONT demanded replacement of the existing labour legislation by a new legislation to address the labour issues. As a result, the Factory and Factory Workers Act 1959 was repealed and Labour Act 1992 and Trade Union Act 1992 were promulgated. Based on this legislative foundation, the trade union movement received a legal recognition in 1993.

In 2017, the parliament revoked the Labour Act 1992 and promulgated a new Labour Act that legally recognised the informal sector as formal sector. The trade union movement also achieved the Contributory Social Security Act 2017 which guaranteed that the employers, regardless of the number of workers employed and terms and conditions, should provide minimum remuneration and benefits to the workers as prescribed in the law. A system of Labour inspection and occupational safety and health inspection is coming into operation soon for the first time. This is the new achievement for us not only in Nepal but also in South Asia .

**2. Bonded labour freedom movement:** GEFONT started working from 1995 on the issue of Kamaiya system, the bonded labour practice in western Nepal. It launched a campaign for over a decade calling for an end to exploitative bonded and forced labour practices. The campaign succeeded to achieve Bonded Labour (Prohibition) Act in 2001 with declaration of freedom to the Kamaiya workers and their rehabilitation.

**3. Beyond borders campaign**: South Korea was the major destination for foreign employment in 1993. Number of workers paying high price for foreign employment, were facing numerous problems in the country of destination and sustaining sever injuries. Those who could save money out of their hard labour had no legal channel to send it to their homeland. Words like remittance were not common then.

GEFONT stepped in to take up this issue and demanded the government to set up a mechanism to send workers abroad only through government channel. It also asked the government to take strong action against manpower companies operating illegally; put in place a non-discriminatory system to support the migrant workers as natives in the country of destination, and to facilitate them to bring their savings to home through financial/ banking channel. These demands were taken as 'irrelevant' during those days. But within a decade of the campaign we launched, the government of both the countries (Nepal and Korea) initiated a new system to export labour based on agreement between the two governments. With this system in practice, remittance started to come home through financial/banking channel; fee of migrant workers came down drastically and income of the workers increased noticeably. Migrant Trade Union came into existence as a result of organizing efforts through GEFONT Support Group facilitated by GEFONT. This practice was expanded to Hong Kong, Malaysia, Qatar and other countries. Positive changes in labour practices have taken long strides based on context and applicability of concerned destination countries. The latest achievement is the end of Kafla system in Qatar with respect to labour right which has been celebrated by Nepali workers in the presence of organizations of international trade union movement.

**4. 10% service charge:** One of the demands put forth by the workers when they announced protest programme at Soaltee Hotel, Kathmandu in 1981 was to bring into implementation the 10% service charge for workers. GEFONT cautiously pushed this demand with those concerned and sensitised the workers about the pros and cons of 'tips' and 'service charge'. If practice of 'tips' is to continue, it will provide high handedness of those who collect it and divide it because it will be at the will of the 'collectors' and would not be fair for the workers because such tips are not accounted and recorded. If 'service charge' is included in the invoice and accounted, it would maintain fairness to the workers and contributes to double their cash-in-hand along with wages. This was the stand of GEFONT, but it was not easy to convince the employers. It took 25 years to convince employers to accept the 10% service charge provision and bring it to practice. Also, the government agreed to it and implementation started from 2006. .

**5. Minimum wage campaign**: Though the declaration to implement minimum wage was made in 1965, area of its coverage was quite limited. Provision to revise minimum wage in every 2 years was included in the Labour Act 1991. The provision comparatively made the minimum wage systematic but failed to make the minimum wages uniform in thematic and national sectors. The Act instead classified the minimum wage in different 4 categories based on skills. It gave a pretext for the employers to understand the minimum wage as the ceiling of maximum wage in many cases. Some sectors remained indifferent to adhere to the minimum wage provision.

To address the confusion, GEFONT pushed the slogan of 'equal minimum wage for all'. With the continued struggle over years, the workers are entitled to get equal minimum wages now. Some from international community were sceptical to our call for 'minimum wages for workers' stating that minimum wage provision might risk the minimum living standard of workers. But in recent days launching the 'living minimum wage floor' campaign has become common phenomena. It has given us more confidence to continue our wage movement to better the living standard of workers.

**6. Labour policy**: In the initial days of multi-party system, policy makers and bureaucrats had confused understanding about labour legislation and labour policy. To tear the confusion, GEFONT drafted a framework of labour policy in its second National Congress and took initiative to organise National Labour Conference in a tripartite frame. The debated and agreed issues and points provided basis for the government, employers and trade unions to build common understanding on labour policy and labour legislation. The initiative of building common understanding was started in 1994 and the result in the form of labour policy discussion was fruitful in 1998.

**7. Gender equality**: Central Women Workers Department established at GEFONT was a new initiative to mainstream gender in organisation's life. Its spirit was to persuade the women to break the 'culture of silence' and speak up against oppression they had been enduring for centuries. It is only by sitting the oppressed and oppressor together and listening to each other that justice is possible. GEFONT affirmed this notion strongly. Therefore, it made mandatory at least 25 percent women's participation in each programme and 25% men's participation in Women's programme. It promoted the culture of listening to each other and sorting out differences if any. GEFONT re-emphasised the issue through a new slogan 'not mere representation, but equal participation'. We identified discriminatory laws against women and amended them. Some laws were repealed. We could materialise the slogan of equal

participation and proudly admit that GEFONT is one of the organisations to ensure at least 33 percent women's representation in its structures.

We formed a Trade Union Committee for Equality & Promotion bringing different trade union centres together and worked to promote gender justice in our movement. The Committee identified 10 common gender issues to be addressed at workplace and it was negotiated by tripartite partners in Nepal.

**8. Social security**: At times, the topic of social security was like the title of a fairy-tale – interesting to listen but difficult to realise in reality. But now it has been the hot agenda. The campaign on social security that started in 2000 is yielding result through new constitution and Contributory Social Security Fund based on social security Act. The two-decade long campaign has now moved ahead with successful results.

**9. Nepali trade union movement – model of Unity in Diversity**: In early '90s, Nepali trade unions were like an arc enemy of each other. The environment was like chopping off each other for non-issue things. To rescue the unions from such quagmire and protect them from peril, concept of Joint Trade Union Coordination Centre (JTUCC) was developed and efforts were made to start harmonise each other. Nobody believed that the trade unions would come together and work on issues of common concerns. But the trade unions made that possible what once was beyond mind of many. We started a new practice of organising Labour Parliament every year where Prime Ministers and Presidents of Nepal have participated as guest of honour and also Director General of ILO for deliberations on trade union agenda. This practice has been a model for trade unions in different countries.

However, we still have a long way to go. We have to continue our campaign to guarantee 10% representation of workers in representative bodies of the state. We have to continue the pressure for formation of multilateral Socio-Economic Council for policy dialogue and National Labour Commission for justice.

Forthcoming days are also full of challenges. GEFONT has to move ahead with its entire committed leaders-cadres-members and working masses towards the long-run path of socialism through clear ideological stance, practical and implementable programmes and periodic plans. Our movement is on the solid ground of the experiences of 4-generations experiences and ups and downs though developed within a short span of time. On top of it, we have put all our efforts to establish socialism oriented State to bring an end to all forms of inequalities and exploitations. Socialism is not only our long-term goal, but also our future. Hence, following programmes are proposed for the upcoming tenure of the National Executive Committee:

## 1. Consolidated Democracy and Socialism for Workers

The goal of GEFONT 'dignified and creative life for the working class …' cannot be realised without consolidated democracy. Democracy will be consolidated for the working class when prosperity comes to their life. Therefore, we have designed the theme of this Congress – 'Prosperous working class in consolidated democracy' to keep the agenda of working class at the heart of the Congress.

Of the 17 SDGs to be achieved by 2030, six are directly related to the world of work. To achieve them by the stipulated time, particularly for elimination of poverty, decent work agenda and minimisation of inequalities, the entire GEFONT will be mobilised with due focus on socio-economic transformation for faster development of the country and consolidation of democracy. For this,efforts will be focussed to strengthen GEFONT's institutional and structural capacity.

Campaign will be continued to guarantee 10% representation of working class in all people's representative bodies and to transform the capita-tilt character of State to pro-worker character.

Campaign focusing on class and social inclusion will be taken forward to ensure Class plus Three balance and to end discriminations based on class, gender, ethnicity and geography in our journey to socialism.

Entire labour force will be mobilised in all three regimes of politics, labour market and economy for social stability, peace and prosperity, and to transform and manage conflicts between classes, and elevate working class to middle class.

## 2. Organizational Development and Mobilisation

There will be three key objectives to strengthen the capacity of organisational structure of GEFONT at all levels:

- To expand the union power both in the parliament and the street
- To achieve efficiency in lobbying, creating pressure and leading movement
- To secure notable presence of GEFONT in international structures and movement

Therefore, we will prioritise the following activities to expand the effectiveness of labour force, union movement and GEFONT:

- To make the union strong based on members at local workplace and enterprises, and develop strong solidarity among trade unions
- To strengthen political power and access of trade unions in local, provincial and federal State

- To coordinate with labour friendly organisations at local and national level
- To strengthen the presence and representation of GEFONT in international forums, organisations and networks
- To strengthen knowledge, capacity and activism of trade union leaders and cadres to enhance their leading/active role in unions, organisations and federation both at home and abroad

Our triangular strategy to develop and mobilise labour power is increasingly relevant these days. We will give a boost to the strategy to expand its scope focusing labour force engaged in wage employment, self-employed labour force within country, and the labour force employed abroad. We will enlarge the limit of development and mobilisation of organisation in:

- Agriculture, construction and scattered unban informal sectors in terms of number
- Modern service sector in terms of quality standard
- Productive industrial sector in terms of block

### 3. Labour Market Reforms

The country's economy in the eyes of the working class is the socialism oriented economy. This is possible only by transforming the existing labour market enduring in the quagmire of injustice and exploitation. Therefore, Economic and Social Council needs to be formed in both the House of Representatives (HR) and the Provincial Assembly so as to address the workers agenda directly by the parliament.

Kathmandu Valley is at highest points while looking at the Indicators of Labour Productivity, Individual Capability and Household Happiness, however, other areas are far behind. Therefore, pressure and partnership is essential to uplift the position of workers at least equal to those of the valley.

Adjustment of wages with inflation rate or price hike through wage-indexation will be given priority in the coming days. High wages, humane working conditions and social security for all workers wil be the major agenda for labour market reforms. In short, following will be the policy basis for labour market reform:

- Market regulation guided by socialist perspective
- Long term plan for making the workers owners of the means of production
- Implementation of labour laws for decent work
- Industry-level Collective bargaining in each province
- Policy focused social dialogue in national level
- Our organisation in the role of strong and effective policy intervention
- Attempt to increase the sensitivity of labour in all tiers of the government
- Pressure and partnership for the strategy of higher the wage – higher the productivity
- Creative and pressurising action to increase employment, quality and earning of workers
- Initiative for National Labour Conference in tripartite modality

Activities and Campaign of Priority:

- Campaign through collective effort for immediate increase of monthly wages by NRs 5,000 and daily wages to be NRs 600
- People's welfare programme to complement social security schemes
- Workers registration and Labour Desk operation in the local level to materialise contributory social security schemes and welfare programmes
- Provision for complaint hearing mechanism in the local level
- Formation of dynamic system of Industrial collective bargaining and making a common bargaining panel of the unions in enterprise/local level.
- Introducing labour audit in the local level and developing labour inspection system for immediate action
- Mobilisation of local level workers through capacity building programmes for making the occupational health and security policy more effective.
- Pressure for implementation of effective employment information centres in all metropolis, sub-metropolis and major cities of the provinces.

### 4. Strengthening Unity and Solidarity

In present political context of unity and polarisation, the union movement also needs to take a path by unifying as many trade unions as possible. This is the new course of movement, where the JTUCC will also continue with additional revision of its structure. Now, the JTUCC needs to be expanded in the provincial level, too. Through these structures of unity and solidarity, our efforts can give outcomes to make all levels of government more workers-friendly. Internalising this assumption, following three actions will be launched:

- Operation of strengthened and effective JTUCC
- Attempt to unify confederations based on the policies, programmes and principles of GEFONT
- A high level Task Force will be formed to materialise the unifying process.

### 5. Gender Equality

The programme passed by the Sixth Congress needs to be further consolidated. This Congress stresses on the modification of the earlier theme: "Make it happen" to "Let it consolidate through action". This Congress proposes to achieve 33% women representation at all level, end gender based discrimination, promote work-life balance, zero tolerance on violence against women, and continue to increase women members. Based on these themes, gender equality campaign will be launched:

1. Varying strategies for leadership development in women dominated sectors and the sectors represented by less number of women. This envisages different strategies and plans within the whole structure of GEFONT with coordination and mobilization of Women Committee and Affiliate Unions
2. Constitutionally, discrimination between men and women has decreased, however, in practice, women are still treated as the "subordinate" group. This shows the discriminatory attitude towards women justifying the prevalence of gender-based discrimination in the society. Coordination and joint movement is proposed here to reduce this bitter reality.
3. Interaction and exchange of experiences of the role models on the work and changing role of family members so as to enhance co-work culture in the domestic works.
4. Awareness raising and implementation of the code of conduct adopted by the Fifth National Working Women's Conference so as to promote the campaign of zero tolerance on violence against women.
5. Campaign on 33 representation of women at every structure and level.

### 6. Youth Mobilisation

Nepali Trade Union movement has three generation of workers at present: the first is around 60 years of age, the second above 40 and the third below 40 years. The first generation is in the process of getting rest from the work whereas the second stands as the backbone of the trade union movement. In this context, the following are the youth focused action agenda:

- Leadership development of the third generation to ensure strong union movement
- High priority to the unionization of youths by promoting youth employment, skill development and capacity enhancement.
- Campaign for more and more youth participation in union activities through workplace activities and identification of youth dominant areas and sectors/sub-sectors
- Youth participation in the every structure of trade union, keeping in mind the gender balance and documentation of youth within the union.
- Creative youth focused action so as to give responsibilities to youth and attract them towards union ensuring their capacity building.
- Interactions and expand partnership with organizations of students and youths keeping in mind that today's youth- students are the future trade union leaders.
- Special education campaign for youth workers to impart special issues related to youth workers' fundamental rights and role of trade union.

### 7. Protection of Workers working Abroad

We have significant achievements in the protection of Nepali workers in foreign employment. It has become more relevant with respect increasing number of workers abroad. In this context, GEFONT will give emphasis to the following in forthcoming days:

- Capacity building of GEFONT Support Groups
- Coordination and cooperation with Nepali diplomatic units in protection and promotion of Nepali workers abroad.
- Expand friendly relationship with the trade union centres in destination countries
- Organising awareness raising activities targeting workers in foreign employment
- Joint work with the ITUC and GUFs.
- Pressure for Government to Government Labour Contracts for safe migration
- Awareness raising on employment within the country by promoting flow of remittance in productive sector
- Institutional arrangement for the certification of the experiences, technology and skills earned by returnee Nepali workers
- Lobby to ensure voting right in general election for Nepali migrants from their destination

### 8. Organising Academy

The concept of organising academy emerged from the last Congress for the bright future of the movement and thus it needs further strengthening:

- Partnership with National Labour Academy for Labour Research
- Institutional development of the Trade Union Policy Institute and increase its effectiveness for policy analysis and thought provoking issues.
- Institutional management for the operation of the regular trade union school by linking with ideology-based courses from the centre and basic course from province level.
- Publicity of National Labour Source Centre as a research based hub for materials on labour.
- Development and revision of training and campaign materials
- Preparing Pool of organisers and their mobilisation in all provinces and local levels.

### 9. Communication and Publicity

Following activities will be carried out with prime importance keeping in mind the inevitability of attention in communication and dissemination:

- Membership campaign of Shramik Khabar with the slogan 'Shramik Khabar in the hand of every worker"
- Making effective the audio, visual, print and online media in favour of organization and working masses
- Website upgrading and use of mobile-apps
- Revising corporate ID and promoting its use
- Disseminating short notice and trade union education through YouTube and other social networks
- Regularity of flow of materials
- Effective communication and dissemination in international level

### 10. Agenda of Contemporary Concern

The environmental problem has come to a fearful situation and the climate change problem has turned to an adverse. In this context, our effort will be focussed on the following :

- Activities related to reduce the negative impacts of environmental problem and climate change on human being and health, employment and livelihood of working people.
- Establishing access and control in production of energy and its use by the working people
- Awareness Campaign among members and workers on negative impacts of environment degradation, particularly on livelihood, employment and health
- Pressurising the state and political parties for immediate action against occupational hazards due to climate change, pollution and occupational diseases in order to ensure safe work-place and decent work.

# संलग्नता / Involvement

## हामीहरू जो संलग्न भयौं / We who involved

**अध्यक्ष मण्डल / Presidium**

क. मुकुन्द न्यौपाने / Com. Mukunda Neupane
क. विष्णु रिमाल / Com. Bishnu Rimal
क. हरिदत्त जोशी / Com. Hari Dutta Joshi
क. विदुर कार्की / Com. Bidur Karki
क. गुमा देवी आचार्य / Com. Guma Devi Acharya
क. विन्दा पाण्डे / Com. Binda Pandey
क. उमेश उपाध्याय / Com. Umesh Upadhyay
क. बिनोद श्रेष्ठ / Com. Binod Shrestha
क. चुडामणी जंगली / Com. Chudamani Jangali
क. बिना श्रेष्ठ / Com. Bina Shrestha
क. उद्धव के.सी. / Com. Uddhav K.C.
क. विष्णु लम्साल / Com. Bishnu Lamsal

**निर्वाचन आयोग / Election Commission**

*अध्यक्ष / Chairman*
क. सोमनाथ अधिकारी 'प्यासी' / Com. Som Nath Adhikari 'Pyasi'

*सदस्यहरू / Members*
क. गोबिन्दप्रसाद कलौनी / Com. Govinda Prasad Kalauni
क. महेश नेपाल / Com. Mahesh Nepal
क. सानुराजा पोखरेल / Com. Sanuraja Pokharel

*प्रमुख निर्वाचन अधिकृत / Cheif Election Officer*
क. क. कुन्साङ लामा / Com. Kunsang Lama

*निर्वाचन अधिकृतहरू / Election Officers*
क. रिता सिंखडा / Com. Rita Simkhada
क. सेवन्त निरौला / Com. Sewanta Niraula
क. भुवन निरौला / Com. Bhuvan Niraula
क. रबिन्द्र कुमार ढुङ्गना / Com. Rabindra Kumar Dhungana

**सचिवालय / Secretariat**

क. विष्णु लम्साल / Com. Bishnu Lamsal
क. जनक चौधरी / Com. Janak Chaudhary
क. जितेन्द्र जोन्छे / Com. Jitendra Jonchhe
क. मञ्जु थापा / Com. Manju Thapa
क. रमेश बडाल / Com. Ramesh Badal
क. जितेन्द्र श्रेष्ठ / Com. Jitendra Shrestha
क. दिपक पौडेल / Com. Dipak Poudel
क. केशव प्र. दुवाडी / Com. Keishav Pd Duwadi
क. गुणराम आचार्य / Com. Gunram Acharya
क. दिनेश कुमार राई / Com. Dinesh Kumar Rai
क. कमल गौतम / Com. Kamal Gautam
क. बेलीमैया घले / Com. Beli Maiya Ghale

**सचिवालय सहयोगी / Secretariat Asst.**

क. महेन्द्र श्रेष्ठ / Com. Mahendra Shrestha
क. किरण माली / Com. Kiran Mali
क. सुरज अधिकारी / Com. Suraj Adhikari
क. ओम खड्का / Com. Om Khadka
क. निशा बानिया / Com. Nisha Baniya
क. स्मृति लामा / Com. Smriti Lama

*केन्द्रीय कार्यालय कर्मचारी / Central Office Staff*
क. रञ्जना के.सी. / Com. Ranjana KC
क. नबिना लुईटेल / Com. Nabina Luitel
क. निलम द्योला / Com. Nilam Dyola
क. अप्सरा मैनाली / Com. Apsara Mainali
क. शिव मैनाली / Com. Shiva Mainali
क. दिनेश मगर / Com. Dinesh Magar
क. अम्बु थिङ्ग / Com. Ambu Thing

*प्रदेश कमिटी कर्मचारी / Profince Committee Staff*
क. सावित्री भट्टराई / Com. Sabitri Bhattarai
क. सुस्मिता मिश्र / Com. Susmita Mishra
क. पुष्पा गौतम / Com. Pushpa Gautam

*घटक यूनियन कर्मचारी / Affiliated Union Staff*
क. सरस्वती भट्टराई / Com. Saraswati Bhattarai
क. सजना महर्जन / Com. Sajana Maharjan
क. बिमला ढकाल / Com. Bimala Dhakal

**खाद्य तथा आवास व्यवस्थापन / Food & Lodging Management**

क. दिपक पौडेल / Com. Dipak Poudel
क. गुणराम आचार्य / Com. Gunram Acharya
क. रामहरि नेपाल / Com. Ramhari Nepal
क. सुनिता थापा / Com. Sunita Thapa
क. दामोदर सापकोटा / Com. Damodar Sapkota

**स्वास्थ्य टिम / Health Team**

डा. सोनाम लामा / Dr. Sonam Lama
क. कैलाश राई-सिओओ / Com. Kailash Rai - COO

*स्टाफ नर्स / Staff Nurse*
क. सरिता जमरकट्टेल / Com. Sarita Jamarkattel
क. अस्मिता पराजुली / Com. Asmita Parajuli
क. सुनिता कोंजु / Com. Sunita Koju
क. बाल कुमारी मगर / Com. Bal Kumari Magar

**वैदेशिक शिष्टाचार व्यवस्थापन / Int'l Guests Reception Management**

क. रमेश बडाल / Com. Ramesh Badal
क. सूर्य बहादुर कुँवर / Com. Surya Bahadur Kunwar
क. स्मृति लामा / Com. Smriti Lama
क. कृष्ण के.सी. / Com. Krishna KC
क. चन्द्र थापा / Com. Chandra Thapa
क. गोपाल घिमिरे / Com. Gopal Ghimire
क. जेनी जैन / Com. Jeni Jain
क. दिपा दवाडी / Com. Dipa Dawadi
क. सावित्री भट्टराई / Com. Sabitri Bhattarai

**आर्थिक / Finance**

क. गुणराम आचार्य / Com. Gunram Acharya
क. बुराम कोइराला / Com. Baburam Koirala
क. चिन्तामणी खनाल / Com. Chintamani Khanal

**स्वयंसेवक व्यवस्थापन / Volunteer Mgmt**

*निर्देशक / Director*
क. दिपक पौडेल / Com. Dipak Poudel

*कमाण्डर / Commander*
क. रामहरि नेपाल / Com. Ramhari Nepal

*सह-कमाण्डर / Deputy Commander*
क. किशोर धमला / Com. Kishor Dhamala
क. दामोदर सापकोटा / Com. Damodar Sapkota
क. दिनेश घिमीरे / Com. Dinesh Ghimire

*स्वयंसेवक / Volunteer*
क. सन्तोष पुडासैनी / Com. Santosh Pudasaini
क. जवानी चौधरी / Com. Jawani Chaudhary
क. वेद प्रकाश खतिवडा / Com. Bed Prakash Khatiwada
क. विदुर दानी / Com. Bidur Dani
क. निलप्रसाद भट्टराई / Com. Nil Prasad Bhattarai
क. शम्भु लामा / Com. Shambhu Lama
क. बलराम पौडेल / Com. Balram Poudel
क. नेवालाल पंडित / Com. Newalal Pandit
क. गोकर्ण खनाल / Com. Gokarna Khanal
क. दिपक सापकोटा / Com. Dipak Sapkota
क. रामजि श्रेष्ठ / Com. Ramjee Shrestha
क. रोशन शाही / Com. Roshan Shahi
क. कृष्ण बहादुर पाण्डे / Com. Krishna Bahadur Pandey
क. जितेन्द्र तुलाधर / Com. Jitendra Tuladhar
क. बिकी श्रेष्ठ / Com. Biki Shrestha
क. सन्तोष के सी / Com. Santosh KC
क. बिमल जैसी / Com. Bimal Jaisi
क. फडिन्द्र देवकोटा / Com. Phanindra Devkota
क. बल बहादुर परीयार / Com. Bal Bahadur Pariyar
क. डम्बरा दियाकोटी / Com. Dambara Diyakoti
क. मन्जु कार्की / Com. Manju Karki
क. विष्णु लामिछाने / Com. Bishnu Lamichhane
क. जगत रसाईली / Com. Jagat Rasaili
क. ज्ञान कुमार श्रेष्ठ / Com. Gyan Kumar Shrestha
क. राम रञ्जितकार / Com. Ram Ranjitkar
क. बम ब. राई / Com. Bam Bahadur Rai
क. दिनेश कुमार लुईटेल / Com. Dinesh Kumar Rai
क. आशिष खत्री / Com. Aashish Khatri
क. गोपि योगी / Com. Gopi Yogi
क. सुजाना श्रेष्ठ / Com. Sujana Shrestha
क. आरती बस्नेत / Com. Arati Basnet
क. अजय बर्मा / Com. Ajay Barma
क. रति महर्जन / Com. Rati Maharjan
क. अनिल कपाली / Com. Anil Kapali
क. उत्तम बन्जरा / Com. Uttam Banjara

**प्राविधिक / Technician**

क. विक्रम श्रेष्ठ / Com. Bikram Shrestha
क. कविन्द्र श्रेष्ठ / Com. Kabindra Shrestha
क. लक्ष्मी थापा मगर / Com. Laxmi Thapa Magar

# ऐक्यवद्धता / Solidarity

हामीहरु जसले ऐक्यवद्धता जनायौं / We who expressed our solidarity

डेनिश कन्फेडेरेसन अफ ट्रेड युनियन्स
Danish Confederation of Trade Unions

सेन्ट्रल अर्गनाइजेसन अफ फिनिस ट्रेड युनियन्स
Central Organisation of Finnish Trade Unions

स्ट्रिटनेट इन्टरनेशनल
Streetnet International

पब्लिक सर्भिस इन्टरनेशनल – साउथ एशिया
Public Service International - South Asia

बिल्डिङ एण्ड ऊड वर्कर्स इन्टरनेशनल
Building and Wood Worker's Interntional

आइएलओ – आक्ट्राभ
ILO - ACTRAV

आइएलओ – गभर्निङ बडी
ILO - Governing Body

इन्टरनेशनल ट्रेड युनियन कन्फेडेरेशन
International Trade Union Confederation

इटालिएन कन्फेडेरेशन अफ वर्कर्स ट्रेड युनियनन्स
Italian Confederation of Workers' Trade Unions

वर्कर्स सोलिडारिटी मुभमेन्ट – डब्लुएसएम बेल्जियम
Workers Solidarity Movement - WSM Belgium

इन्टरनेशनल ट्रेड युनियन कन्फेडेरेशन
All India Central Council of Trade Unions - AICCTU

इटालियन जनरल कन्फेडेरेसन अफ लेबोर – सिजिआइएल
Italian General Confederation of Labour - CGIL

ट्रेड युनियन कंग्रेस – टियुसी बेलायत
Trades Union Congress - TUC United Kingdom

नेशनल युनियन अफ अफगानिस्तान वर्कर्स एण्ड एम्प्लोई (एनयुएडब्लुइ)
National Union of Afghanistan Workers and Employees (NUAWE)




















Double A






Double A



